दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक १८९ | बुटवल | २०८२ असार २१ गते, शनिबार | नेपाल संवत ११४५ | Saturday July. 05, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुर्‍याएर छाड्छौं

तपाईंको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्

सुपर काइनेटिक
कुरियर्स सर्भिस

6«flkms rf]s lxdfnog
a}+ssf] ;fO8 -;'o{ nfO{km OG;f]/]G; ePsf]
ejg_ kmf]gM– )&!%$@%&!

# डिंगरनगर दूरगामी सहकारीमा बद्मासी

**सफ्टवेयर नै मिलाएर करोडौं बचत अपचलन, तीन सय बढी सदस्यले दिए वचत फिर्ताको निवेदन ऐन विपरित १७ वर्षसम्म अध्यक्ष रहेका स्थानीय कांग्रेस नेताहरु घनश्याम तिवारी, सचिव रामबहादुर थापाले व्यवस्थापकसंग मिलेरसदस्यहरुको वचत चुनढुंगा खानी, घर, घडेरी खरिद, होटल र जग्गामा लगानी गरेको पाइएको छ ।**

**लुम्बिनी संवाददाता**

*बुटवल ।*







शेयर सदस्यको करिब १५ करोड वचत हिनामिना भएको रुपन्देही तिलोत्तमा-३ को डिंगरनगर दुरगामी बहुउद्देश्यीय सहकारीमा १७ वर्षसम्म एकै व्यक्ति अध्यक्ष रहेको पाइएको छ ।प्रदेश सहकारी ऐन, २०७६ को दफा ३७ को उपदफा (१) मा, एउटै व्यक्ति लगातार एउटै पदमा दुई पटकभन्दा बढी सञ्चालक हुन नपाउने व्यवस्था छ । यो ऐन बन्नु भन्दा अगाडि पनि नेतृत्वमा दुई कार्यकाल भन्दा बढी बस्नु संघीय कानुनविपरित छ ।तर स्थानीय कांग्रेस नेता घनश्याम तिवारी राजनीतिक शक्तिको आडमा ऐनलाई कुल्चेर यो सहकारीमा १७ वर्षदेखि अध्यक्ष पदमा थिए ।

अध्यक्ष तिवारी गत स्थानीय निर्वाचनमा कांग्रेसको तर्फबाट वडाध्यक्षको उम्मेदवारका आकांक्षी थिए । तर, अन्तिममा उनले टिकट पाएनन् । सहकारीका सचिव रामबहादुर थापा कांग्रेस तिलोत्तमा नगर समितिका पूर्वसचिव हुन् । सह-कोषाध्यक्ष केशरी पाण्डे कांग्रेस तिलोत्तमा-३ की सभापति हुन् । १३ सदस्यीय सञ्चालक समितिमा तीनजना वाहेक सबै नेपाली कांग्रेसका स्थानीय नेता कार्यकर्ता थिए ।

सहकारीमा एउटै दल निकट र अध्यक्षका एसम्यानहरु हावी भएपछि बद्मासी शुरु भएको र ऐन,विधिको कुरा उठाउनेहरुलाई सञ्चालकमा आउन रोक्ने गरिएको शेयर सदस्य मिनराज भारद्वाजले बताए । 'विधि पद्दतिका कुरा गर्ने र फरक मत राख्नेलाई समितिमा आउन नदिने, आफ्ना एस म्यानलाई मात्र पदाधिकारीमा राख्ने काम अध्यक्षले गरेका थिए'- उनले भने -'सहकारी संस्थालाई कांग्रेसीकरण गरिएको थियो, आखिरमा डुबाएर छाडे ।'

सहकारीमा बद्मासी भएको छनक पाएपछि करिब चारसयजना सदस्यले बचत फिर्ताका लागि सहकारीमा निवेदन दिएका थिए । निवेदनपछि सहकारी सञ्चालक समिति तथा सहकारीका केही सदस्य बसेर १९ असारदेखि सर्वसाधारणको बचत फिर्ता गर्ने सहमतिअनुसार निर्णय भएको थियो ।

तर सहकारीका अध्यक्ष र सचिवले अर्को दिन उक्त सहमतिको माइन्युट नै च्यातेर फरार भएका छन् । अध्यक्ष र सचिव संगै व्यवस्थापक वसन्त पराजुली फरार छन् ।

उक्त सहकारीमा भएको बचत अपचलनको छानबिनमा संलग्न पुर्व सल्लाहकार बेलप्रसाद शर्माका अनुसार प्रारम्भिक अनुसन्धानमा करिब १५ करोड हिनामिना भएको पाइएको र यो रकम बढ्न पनि सक्ने बताए । 'अध्यक्ष र सचिवले वचत फिर्ता दिने सहमतिको माइन्युट नै च्यातेपछि अरु कागजात र प्रमाण नष्ट हुन नदिन वडा कार्यालयले सहकारीमा तालाबन्दी गरेको थियो'-शर्माले भने-'तालाबन्दीपछि तीन सय बढी सदस्यहरुको हस्ताक्षरसहित प्रदेश सहकारी रजिष्ट्रार कार्यालयमा वचत फिर्ताको माग गर्दै निवेदन दिएका छौं ।'

निवेदन दिएपछि प्रदेश सहकारी रजिष्ट्रारको कार्यालयबाट आएको टोलीले शुक्रबारबाट अनुसन्धान थालेको छ । अबको १० दिनभित्र प्रतिवेदन दिने गरी त्यतिन्जेल सहकारीको तालाबन्दी यथावत रहने शर्माले बताए ।

सहकारीको पैसा चुनढुंगा खानी, घर, होटल र जग्गामा

सहकारीको रकम अध्यक्ष तिवारीले घडेरी, होटल तथा चुनढुंगा खानीमा लगानी गरेकोपाइएको छ । उनले तिलोत्तमाको जानकी नगरमा होटल एचके र जोगिकुटी चोकमा घर खरिद गरेका छन् भने सहकारीको रकमबाटै उनी रसचिव रामबहादुर थापा मिलेर ढुंगाखानी खरिद गरेको पाइएको शेयर सदस्य मिनराज भारद्वाजले बताए ।

अध्यक्ष तिवारीले संस्थाको करिब ६ देखि ८ करोड रकम अपचलन गरेको अनुमान छ ।सहकारीका सचिव रामबहादुर थापाले ३ करोडभन्दा बढी रकम अपचलन गरेको अहिलेसम्म भेटिएको छ । त्यस्तै, सहकारीको कार्यसमित सदस्य सनत गौतमले १ करोड २५ लाखभन्दा बढी रकम अपचलन गरेको भेटिएको छ ।

मान्युट नै च्यातेर फरार भएपछि उनीहरूले अरु रकम पनि हिनामिना गरेको अनुमान छ । लेखापरीक्षकले दिने अन्तिम रिपोर्टपछि मात्र कति हिनामिना भएको यकिन हुने सहकारीका कोषाध्यक्ष सुरेन्द्र वज्राचार्यले बताए ।

सहकारी ऐन, निर्देशन तथा मापदण्डअनुसार सहकारीका सञ्चालकले बचत रकमको पाँच गुणा वा बढीमा पाँच लाखमध्ये जुन कम हुन्छ सोबराबरको रकम मात्र बिनाधितो ऋण लिन सक्छन् । यसरी बिनाधितो कर्जा प्रवाह गर्दा कम्तीमा दुई जना सदस्यहरूको जमानी लिनुपर्ने व्यवस्था छ ।तर यो सहकारीमा ऐन विपरित वचत अपचलन भएको छ । सहकारीका व्यवस्थापक, अध्यक्ष र सचिवले सहकारीको सफ्ट्वेयरमा नै मिलाएर आफूखुसी बचतकर्ताको रकम दुरुपयोग गर्ने गरेको भेटिएको छ । ऋण नै नलगेका बचतकर्ताको नाममा ऋण प्रवाह गर्ने गरेको र कम रकम ऋण लगेका ऋणीका नाममा थप ऋण लगेको देखाइएको छ ।

सहकारीमा बेथिति भइरहेको २७ वैशाख २०८२ मा खुलेको कोषाध्यक्ष सुरेन्द्र वज्राचार्यले बताए । आफूले दुईवटा चेकमा हस्ताक्षर गरेर काटेका चेकको रकम कसलाई दिएको भनेर सोधखोज गर्दा एउटा चेकको रकम सम्बन्धित व्यक्तिलाई नदिइएको पाइएपछि बद्मासी खुलेको उनले बताए ।

सुरुमा व्यवस्थापक वसन्त पराजुलीले रकम हिनामिना गरेको भनेर ८ करोड ५० लाखको कागज बनाएर उनलाई निलम्बन गरियो ।

» बाँकी ३ पेजमा

# स्पेनबाट फर्किए प्रधानमन्त्री



बुटवल । प्रधानमन्त्री केपी शर्मा ओली स्पेन भ्रमण सकेर स्वदेश फर्किएका छन् ।

संयुक्त राष्ट्रसंघको 'विकासको लागि वित्त (फाइनान्सिङ फर डेभलपमेण्ट) चौथो अन्तर्राष्ट्रिय सम्मेलनमा सहभागी हुन प्रधानमन्त्री ओलीसहितको टोली गते १४ असारमा देशतर्फ प्रस्थान गरेको थियो ।स्पेनको सेभिया शहरमा आयोजना भएको उक्त अन्तर्राष्ट्रिय सम्मेलनसहित अन्य भेटघाट सकेर प्रधानमन्त्री ओली शुक्रबार स्वदेश फर्किएका हुन् ।

प्रधानमन्त्री ओली स्पेनबाट दोहा हुँदै कतार एयरवेजमा काठमाडौं फर्किएका हुन् । भ्रमण टोलीमा २१ जना सहभागी थिए ।

# अब कर्मचारीलाई पेन्सन नहुने




बुटवल । आर्थिक वर्ष २०८२/०८३ देखि नियुक्त हुने कर्मचारीहरूलाई पेन्सन तथा उपदानको सट्टा योगदानमा आधारित सामाजिक सुरक्षा प्रणाली लागु हुने भएको छ।

अर्थ मन्त्रालयले सामाजिक सुरक्षा प्रणाली लागू गर्न आवश्यक व्यवस्था मिलाउन सबै मन्त्रालय, नियामक निकाय, सार्वजनिक संस्थान, बोर्ड, समिति तथा प्रतिष्ठानहरूलाई परिपत्र गरेको छ ।

योगदनमा आधारित सामाजिक सुरक्षा प्रणाली लागु नगरेका कारण सिर्जना हुने दायित्व नेपाल सरकारले नबेहोर्ने पनि अर्थ मन्त्रालयले स्पष्ट पारेको छ।

अहिले कर्मचारी, मजदुर तथा अन्य व्यक्तिहरुलाई सामाजिक सुरक्षा प्रदान गर्न 'योजनानामा आधारित सामाजिक सुरक्षा ऐन, २०७४' र सरकारी कर्मचारीका लागि 'निवृत्तिभरण कोष ऐन, २०७५' कार्यान्वयनमा छन् । जसअनुसार २०७५ सालदेखि योगदानमा आधारित समाजिक सुरक्षा प्रणाली लागू गरिएको थियो ।

# स्याङ्जाका तीन विद्यालयको नतिजा शून्य

**श्रीकृष्ण सिग्देल**

*स्याङ्जा*

२०८१ सालको माध्यमिक शिक्षा परीक्षा (एसईई)मा स्याङ्जामा तीन विद्यालयले शुन्य नतिजा ल्याएका छन् । राष्ट्रिय स्तरमा ६१.८१ प्रतिशत विद्यार्थी उत्तीर्ण हुँदा स्याङ्जामा ६७.६३ प्रतिशत उत्तीर्ण भएपनि तीन सामुदायिक विद्यालयले शुन्य नतिजा ल्याएको हो । शिक्षा विकास तथा समन्वय इकाई स्याङ्जाले सार्वजनिक गरेको जिल्लाभरको नतिजा अनुसार तीन विद्यालयले एउटा पनि विद्यार्थी एसईईमा पास गराउन नसकेको जानकारीमा आएको थियो । गतबर्ष ४३ प्रतिशत विद्यार्थी ग्रेडेड भएका थिए भने यो बर्ष ग्रेडेड हुने प्रतिशत बढेर ६७.६३ पुगेको छ ।

एसईईको नतिजामा सुधार आएको दावी गरिएका बेला स्याङ्जाका तीन विद्यालयले भने शुन्य नतिजा दिदा फेरी सामुदायिक विद्यालयलाई गिज्जाइरहेको देखिन्छ ।जिल्लाबाट एसईई परीक्षामा सहभागी १ सय ७२ विद्यालयहरु मध्ये ३ वटा विद्यालयको नतिजा शून्य हुँदापनि जिल्लाको एसइई परीक्षाको नतिजा राम्रो देखिएको छ । गतबर्ष भन्दा यो बर्ष ग्रेडेड हुने विद्यार्थीको प्रतिशत बढेकाले केही सुधार देखिएको शिक्षा विकास तथा समन्वय इकाई कार्यालयका प्रमुख विश्वराज आचार्यले बताए ।

शुन्य नतिजा ल्याउने विद्यालय गल्याङको शिशुकल्याण मा.वि., चापाकोटको मणिकुन्देश्वर वेदविद्याश्रम र हरीनाशको अमला भञ्याङ मा.वि. रहेका छन् । शून्य नतिजा ल्याउने ३ वटै विद्यालय सामुदायिक विद्यालय रहेका छन् । शिशुकल्याण माविबाट ७, मणिमुकेन्देश्वर वेदविद्याश्रमबाट २ र अमला भञ्याङ माविबाट ५ जना विद्यार्थी एसइई परीक्षामा सहभागी भएका थिए ।

स्याङ्जाका तीन विद्यालयले शुन्य नतिजा दिएपनि गतवर्षको तुलनामा यो बर्ष एसइई परीक्षामा २५ प्रतिशत बृद्धि भएकाले उल्लेखनीय सुधार देखिएको छ । अहिले राष्ट्रिय नतिजाको तुलनामा पनि स्याङ्जाको नतिजा राम्रो देखिएको शिक्षा विकास तथा समन्वय इकाई प्रमुख आचार्यले बताए । स्याङ्जाका सामुदायिक विद्यालयले यो बर्षको एसइई परीक्षमा ६१ प्रतिशत नतिजा दिन सफल भएको आचार्यको भनाई छ । यो नतिजा सन्तोषजनक रहेको आचार्यले बताए ।

गतबर्षको नन्–ग्रेडिङ् हुने नतिजालाई हेर्दा यो बर्षको नतिजाले केही आशा पलाएको छ । ग्रेडेड उच्चतम ल्याउने विद्यार्थीको संख्या बढाउन अझै मेहनत गर्नुपर्ने सुझाव आचार्यको छ ।

» बाँकी ३ पेजमा

भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

२०८१ सालको SEE परीक्षामा उत्तीर्ण समस्त विद्यार्थीहरुलाई हार्दिक बधाई

लुम्बिनी प्रदेश नमुना यस नवीन औद्योगिक कदर बहादुर रीता मा.वि., देवीनगर, बुटवलमा शैक्षिक सत्र २०८२।०८३ का लागि विज्ञान, व्यवस्थापन (होटल व्यवस्थापन), सिभिल इन्जिनियरिङ, कानुन र शिक्षा समूहको लागि कक्षा ११ मा भर्ना खुल्यो ।

हाम्रा विशेषताहरू:

१) नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट विज्ञान प्रवर्द्धन कार्यक्रममा छनौट भएको ।
२) ब्रिटिश काउन्सिलबाट २०१७-२०२० र २०२१-२०२४ मा अन्तर्राष्ट्रिय स्कुल अवार्ड प्राप्त ।
३) नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय शिक्षा तथा मानवस्रोत विकास केन्द्र अनुसन्धान तथा गुणस्तर सुधार शाखाबाट असल शैक्षिक अभ्यास (GEP) मा नेपाल द्वितीय हुन सफल ।
४) राष्ट्रिय सेवादलद्वारा आ.ब. २०८२।०८३ मा सिनियर डिभिजनमा एनसिसिमा छनौट ।
५) प्रत्येक वर्ष एसएलसी, टिएसएलसी, एसइइ र टिएसइइमा उत्कृष्ट नतिजा दिन सफल ।
६) प्रत्येक वर्ष एमबिबिएस, इन्जिनियरिङ, बाम्स र कृषि तथा पशु विज्ञान अध्ययन संस्थान लगायतमा पूर्ण छात्रवृत्तिमा नाम निकाल्न सफल ।
७) २०८० मा नेपालको सबैभन्दा ठूलो एसइइ परीक्षा केन्द्र रुपन्देहीका ५८ वटा परीक्षा केन्द्रमा उत्कृष्ट परीक्षा केन्द्र छनौट ।
८) देशका राजनेता, स्वेदश तथा विदेशका उच्च पदस्थ व्यक्तित्वहरुद्वारा अनुगमन तथा निरिक्षण ।
९) विद्यार्थी संस्थाका अनुसारमा नेपालका सामुदायिक विद्यालयहरुमध्ये पाचौ ठूलो (५०००) विद्यार्थी भएको विद्यालय ।
१०) विज्ञान विषय अध्ययन गर्ने छात्राहरुलाई प्रदेश सरकारबाट आकर्षक छात्रवृत्तिको व्यवस्था ।

❖ भर्ना फारम वितरण: २०८२ आषाढ १५ गते बिहान ७ बजेदेखि ।
❖ छात्रवृति छनौट परीक्षा: २०८२ आषाढ २० गते शुक्रबार बिहान ८ बजे ।
❖ नतिजा प्रकाशन: २०८२ आषाढ २० गते शुक्रबार २ बजे ।
❖ भर्ना प्रारम्भ: २०८२ आषाढ १५ गते बिहान ७ बजेदेखि ।
❖ पठनपाठन: २०८२ साउन १ गतेदेखि ।

२०८२ आषाढ २० गते २ बजेसम्म भर्ना हुनेलाई भर्नामा २५% छुटको व्यवस्था

विस्तृत जानकारीका लागि
प्रेम बहादुर बस्नेत
प्रधानाध्यापक (एवं)

नवीन औद्योगिक कदर बहादुर रीता मा. वि.
देवीनगर, बुटवल-११, रुपन्देही, फोन: ९८५७०३१६७८, ९८५७०४२४०९, ९८४७१३०१३१, ९८४९०५११५५, ९८४७०८६०७५, ९८५७०२०८२४, ९८५७०७५७३२



दैनिक लुम्बिनीको साप्ताहिक कोशेली

# पाहुर

तपाईंका लागि...

२०८२ असार २१ गते, शनिबार

**बिट्विन द लाइन्स्...**

"म सही भन्छु, मानिसले मानिसलाई हराइरहन सक्नेछैन,
म सही भन्छु, मानिसले मानिसलाई जितिरहन सक्नेछैन,
मानिसले मानिसलाई बरबाद पारिरहन सकिने छैन,
मानिसले मानिसलाई मारिरहन सकिने छैन।"

वासु शशी

('बीसौं शताब्दीको गीत' कविताबाट)

पुस्तक चर्चा

# 'नेपालमा क्षेत्रीयता र राष्ट्रिय एकता' संक्षिप्त चर्चा



रामचन्द्र श्रेष्ठ

नेपाली समाज अध्ययनमा निकै चर्चित र महत्त्वपूर्ण मानिने फ्रेडरिक एच.गेज.को पुस्तक 'नेपालमा क्षेत्रीयता र राष्ट्रिय एकता' प्रकाशन भएको ५० वर्ष पुगेको छ। यस अवसरमा विभिन्न मञ्च र माध्यमबाट यो पुस्तकमाथि चर्चा परिचर्चा चलिरहेको छ। यहाँ यो पुस्तकको संक्षिप्त चर्चा गरिने छ। यो चर्चा विश्लेषणात्मक भन्दा पनि परिचयात्मक रहेको छ।

सन् १९७५ मा पहिलोपटक अंग्रेजी भाषामा प्रकाशित यो पुस्तक अमेरिकी समाज अध्येता फ्रेडरिक एच.गेजले सन् १९६७/६८ मा नेपालको तराईमा गरेको गहन अनुसन्धानको उपज हो। यो पुस्तकमा गेजले यो पुस्तकमा नेपलको तराई, क्षेत्रीयता र राष्ट्रिय एकताका समस्याहरू केलाउन खोजेका छन्। जुन समयमा गेजले अनुसन्धान गरिरहेका थिए त्यतिबेला समाजशास्त्री र मानवशास्त्रीहरूको अध्ययन क्षेत्र पहाड र हिमालमा मात्र केन्द्रीत थियो। कसैले पनि अध्ययनका लागि चासो नराखेको तराईमा गेजले आँखा ओच्छाए। जटिल, कष्टसाध्य अनुसन्धान गरे। त्यसैले उनी तराईको अध्ययन गर्ने शुरुवाती समाज अध्येता बन्न पुगे।

गेजले आफ्नो पुस्तकलाई दश वटा अध्यायमा विभाजन गरेका छन्। ती दश अध्यायमा उनले तराईको भू-राजनीति, अर्थतन्त्र, नेपाल-भारत सीमा समस्या, बसाईसराई, नागरिकताको समस्या, राजनीति, भाषाको राजनीति, नेपाल राजनीति, तराईको प्रतिपक्षी राजनीति र राष्ट्रिय एकात्मकताको समस्याबारे व्यापक चर्चा गरेका छन्।

नेपाल विशाल दुई छिमेकी देश चीन र भारतको बीचमा रहेको छ। यसका आफ्नै सुरक्षा चुनौती र समस्याहरू रहेका छन्। नेपाल पहाडी देश भए पनि नेपालको राष्ट्रिय कुल उत्पादनको आधा हिस्सा तराईले ओगट्छ। र, राजस्वमा पनि तराईकै उल्लेखनीय योग्यता छ।

तराई र पहाडबीच फरकपना रहेको छ। तराईको भाषा, धार्मिक परम्परा, खानाको शैली, पोषाक, मनोरञ्जनको स्वरूप पहाडसँग निकै मात्रामा रहेको छ। तराईमा मैदानी भाषाहरूको वर्चश्व रहेको छ। तराईको सांस्कृतिक विशेषता धेरै हदसम्म उत्तरी भारतका उत्तर प्रदेश र बिहारसँग मिल्दो छ। वैवाहिक स्थिति हेर्दा पनि तराईका पहाडि समुदायकाले नेपालको पहाडि भेग र काठमाडौं उपत्यकासँग बिहेवारी गेरेको देखिन्छ भने राजपुत, ब्राह्मण आदिले उत्तरी भारतका क्षेत्रहरूमा बिहेवारी गरेको देखिन्छ। यसरी सांस्कृतिक सामञ्जस्यता धेरै हदसम्म उत्तरी भारतसँग रहेको छ। नेपाल सरकारले तराईमा नेपालीकरण प्रक्रियालाई बढावा दिने कदमहरू चाल्दा तराईका मानिसहरूले उनीहरूको संस्कृति बदलिने गरी चालेका कदमहरूको प्रतिकार गरेका छन्।

नेपाल बृहत्त भारतीय अर्थमण्डलको परिधिमा रहेको छ। भारतसँग सीमाना जोडिएका कारणले पनि तराई नेपालको पहाडी भेगसँग भन्दा पनि बढी मात्रामा भारतीय अर्थमण्डलसँग गाँसिएको छ। अनि नेपालको पहाडी भेग परापूर्वकालदेखि नै तराईमाथि निर्भर छ। तराई नेपालको सबैभन्दा धेरै कृषि उत्पादन हुने र औद्योगिक क्षेत्रको रूपमा रहेको छ। नेपालको कुल जमिनको १७ प्रतिशत मात्र ओगट्ने तराईले राजस्व र उत्पादनमा आधाभन्दा बढी हिस्सा ओगट्छ। १९ औं शताब्दीको पछिल्लो चरणमा नेपाल-भारत सीमानामा रेलमार्गको विस्तारसँगै तराईमा भारतीय आर्थिक क्रियाकलाप पनि बढ्दो मात्रामा छ।

नेपाल भारत खुला सीमानाको कारणले उल्लेखनीय समस्याहरू पैदा गरेको छ। खुला सीमानाको कारण तस्करी पनि मौलाएको छ भने सीमा विवादले बेलाबेलामा दुई देशबीच तनाव उत्पन्न गरेको छ। उदाहरणको लागि नवलपरासीको सुस्ता लिन सकिन्छ। सीमामा हुने आपराधिक क्रियाकलाप थप समस्याको विषय बनेको छ। सीमा समस्याले राष्ट्रिय एकतामा पनि प्रश्न उठाएको छ।

गेजले तराईको बसाइसराइबारे पनि विस्तृत चर्चा गरेका छन्। उनले नेपालको तराईको जनघनत्व र त्यसको उत्तरी र दक्षिणी भेगको जनघनत्वको तुलना गर्दै तराईलाई जनसांख्यीकरूपले रित्ता स्थान मानेका छन्। तराईका पुराना बासिन्दा थारु, राजवंशी, मेचे र गनगाई हुन्, जो धेरै पहिले केही वर्षपछि बसाई सर्दै हिड्थे। उनीहरू तराईमा पहाडीहरूबसाईं सरी आउनु अगाडि नै आप्रवासीको चपेटामा परेका हुन्। तराईंमा करिब ९०० ईपूबाट नै उत्तरी भारतबाट बसाइसरी आएको देखिन्छ। यद्यपि सन् १८६० र १९५१ को बीचमा सरकारले आर्थिक विकासको लागि पहाडी मूलका बासिन्दालाई तराईमा बसोबास गर्न प्रेरित गर्‍यो। तर, गर्मी र मलेरियाको कारण थोरै मात्र पहाडिले तराईमा बस्न रुचाए। यसर्थ, सरकारले तराईको विकासको लागि भारतबाट हुने बसाईसराईलाई सहमति दियो।

पहाडबाट तराईमा स्थायी, अर्धस्थायी र मौसमी गरी तीन प्रकारले बसाइसराइ हुने गर्थ्यो। शुरुशुरुमा तराईमा निःशुल्क वा थोरै मूल्यमा धेरै जमिन हडपेको देखिन्छ। पहाडी भेगबाट तराईमा हुने बसाइसराइले सांस्कृतिक बराबरीको स्थिति सृजना गरी नेपालीकरणको प्रक्रियालाई टेवा पुर्‍याउने ठानिएपनि प्रायःजसो पहाडी भेगबाट बसाइसरी आएका उपल्लो जातका र पढेलेखेको हुने कारणले सांस्कृतिक एकरूपता भन्दा विषमता धेरै देखियो। अल्पसङ्ख्यक भए पनि उच्च जातिका पहाडी मूलका मानिसहरूले जहाँसुकै बसोबास गरे तापनि नेतृत्व आफ्नो हातमा लिन सक्थे। सरकारले सुरक्षाको दृष्टिकोणले बेलायती, भारतीय र नेपाली सैन्य सेवाबाट अवकाश प्राप्त सैनिक परिवारहरूलाई अर्धसैनिक शक्तिको रूपमा बसोबास गराउने कार्यक्रम ल्यायो। मलेरिया उन्मुलन पश्चात सरकारले भुपू-सैनिक परवार र पहाडि इलाकाका मानिसहरूलाई तराईमा बसाइ सरी आउन प्रोत्साहन गरेसँगै मैदानी इलाकाबाट आएका मानिसहरूले आफूहरू अल्पसङ्ख्यक भएको महसुस गरेको देखिन्छ।

गेजले नागरिकताबारे पनि विशद चर्चा गरेका छन्। नेपालले नागरिकता सम्बन्धमा कसरी र किन उदार विचार त्यागे कठोर नीति अवलम्बन गर्‍यो र यसबाट तराई मूलका कुन वर्गका मानिसमा कस्तो असर पर्‍यो भन्ने चर्चा गरेका छन्। नागरिकताका लागि नेपाली भाषाको अनिवार्यता, नेपालमै पेसामा संलग्न भएको हुनुपर्ने र निवेदन दिनुपर्ने जस्ता प्रावधानले तराईका गाउँका शिक्षा नपाएका र शिक्षामा पहुँच नभएका मानिसलाई कठिनाई उत्पन्न गरायो। पहाडी मूलका प्रतिनिधिहरूले निर्माण गरेको नागरिकता सम्बन्धी व्यवस्थाले गैरनेपाली भाषी र मैदानी मूलका बासिन्दाहरूलाई नागरिकता प्राप्त गर्नमा कठिनाई र भेदभावको स्थिति सृजना गरेको छ। नागरिकताको कारणले सरकारी पेसा, शिक्षण, जग्गा किनबेच आदिमा कठिनाई उत्पन्न भएको छ। भेदभावपूर्ण नागरिकता नीतिले तराईका जनतालाई दोस्रो दर्जाको नागरिक बनाएको छ र राष्ट्रिय एकतामा गाँस्न कठिनाइ उत्पन्न भएको छ।

भाषाको विवाद तराईमा चर्को ढंगले उठ्दै आएको छ। तराईमा सन् १९५१ देखि नै हिन्दिलाई दोस्रो राष्ट्रिय भाषा बनाउनुपर्ने आवाज उठे पनि सन् १९५७मा सरकारले स्कुले पाठनपाठनमा नेपाली भाषा अनिवार्य गरेपछि भाषाको विवाद झनै चर्किन थाल्यो। सन् १९५१मा गठन भएको वेदानन्द झाको नेतृत्वको नेपाल तराई काँग्रेस पार्टीले आफ्ना मुख्य तीन उद्देश्य राखेको थियो। ती उद्देश्यहरू निम्न थिए–

क) स्वायत्त तराई राज्यको स्थापना

ख) राज्यको भाषाको रूपमा हिन्दिको सुनिश्चितता

ग) नेपालको निजामती सेवामा तराईका बासिन्दाको उपयुक्त रोजगारी।

सन् १९५७मा नेपाल तराई काँग्रेसको 'हिन्दि बचाऊ अभियान' चलायो। १९५७को नोभेम्बरमा विराटनगरमा स्थानिय हिन्दि बचाऊ समिति र नेपाली प्रचारिणी सभाका मानिसबीच झडप पनि भयो। आन्दोलनको दबावले सरकारले केही छुट पनि दियो। तर, वेदानन्द झाको पार्टीले वि.सं. २०१५ को चुनावमा नराम्रो हार बेहोर्‍यो।

गेजले सरकार भाषाको कारणले नै जनतासँग संवाद गर्न नसकेको प्रष्ट्याउँछन्। उनका अनुसार तराईका अधिकांश गाउँलेसँग सम्पर्क राख्न पनि सरकारले नेपाली बाहेक अन्य भाषा अपनाउनुपर्छ।

गेजले नेपालको राजनीतिको बारेमा पनि मिहिन चर्चा गरेका छन्। उनका अनुसार नेपाली राजनीतिमा सफल हुन आर्थिक स्रोतको नियन्त्रण, उच्च जातको हैसियत, पहाडि संस्कृतिको पहिचान र उच्च शिक्षा। उनको यो विश्लेषणा अनुसार नेपालको राजनीतिमा क्षेत्री-ब्राह्मण-नेवार घरानाको प्रभुत्व रहेको देखिन्छ। तर, राजनैतिक रूपले सफल हुन आर्थिक हैसियत भएर मात्र पुग्दैन। तराईका ब्राह्मण, भुमिहार, राजपुत, कायस्थ र मारवाडीहरू माथिल्लो र व्यापारी वर्गको भए पनि, उच्च जातको हैसियत, शिक्षा र आर्थिक स्रोत भए पनि राजनीतिमा प्रभावशाली भएनन्। त्यसैले गेजले निष्कर्ष निकालेका छन्, "नेपालको इतिहासमा जुनसुकै शासन व्यवस्था आए पनि शासक घराना फेरिएका छैनन्।"

गेजले निजामती कर्मचारीमा तराईका जनताको पहुँचबारे तथ्यांकीय विश्लेषण पनि गरेका छन्। त्यस्तै, गेजले तराईको प्रतिपक्षी राजनीतिबारे पनि प्रकाश पारेका छन्। तराई असन्तोषको मैदान भएकाले प्रतिपक्षी राजनीतिको लागि उर्वर भूमि रहेको प्रष्ट्याएका छन्।

अन्तिम अध्यायमा गेजले 'राष्ट्रिय एकात्मकताको समस्या'बारे चर्चा गरेका छन्। बसाइसराइ, भूमिसुधार आदिको अभ्यासबाट तराईको कृषियोग्य जमिनहरू मैदानी बासिन्दाहरूको हातबाट खोसेर पहाडी बासिन्दाको स्वामित्वमा पारेको देखिन्छ। तैपनि नेपाली सरकार मैदानी मानिसहरूलाई दमन गर्न सक्दैन। यसका पछाडि दुई कारण छन्। एक, तराईमा दमन हुँदा उत्पन्न हुने शरणार्थी समस्याले भारतलाई पनि पिरोल्ने कारण भारत नेपाललाई दवाब दिन्छ। दुई, तराईका मानिसहरूसँग आर्थिक शक्ति छ। पहाडि शासकहरूले सैन्य र प्रशासनिक आडमा दबाएता पनि मैदानका अल्पसङ्ख्यकहरूले नेपालको ठूलो सम्पत्तिको हिस्सा ओगटेका छन्। त्यहि आर्थिक शक्तिको बलमा उनीहरू सरकारी विभेद विरुद्ध लड्छन्।

गेजले तराईको असन्तोषको चर्चा गर्दै विविधता स्वीकार गरेर राष्ट्रको नयाँ परिभाषा खोज्न जोड दिन्छन्। तराईका मानिसहरूलाई पहाडी संस्कृति ग्रहण नगराइकनै पनि उनीहरूसँग सहभागितामूलक सम्बन्ध कायम गर्न सकिन्छ भन्ने गेजको विश्लेषण रहेको छ।

गेजको सुझाव थियो– सरकारले राष्ट्रिय एकात्मकताको बृहत् योजना तयार गरेर, अहिलेका नीतिमा सुधार र समन्वय गरी केही नयाँ नीति कार्यान्वयन गरेको खण्डमा तराईको समस्या समाधान हुनसक्छ र मैदानमा बस्ने मानिसबीच शत्रुता घट्न सक्छ। यसका लागि गेजले निम्न उपाय सुझाएका उल्लेख गरेका छन्–

क) तराईका मानिसप्रति भेदभाव गर्ने नागरिकता सम्बन्धी ऐनको खारेजी

ख) नागरिकता प्रमाणपत्र लिने प्रक्रियाको सरलीकरण

ग) निजामती कर्मचारी, प्रहरी र सेनामा मैदानका धेरै मानिसलाई भर्ती गर्न १० देखि २० प्रतिशत कोटा निर्धारण।

गेजको यो पुस्तक नेपालको समग्र शक्ति संरचना, शासन प्रणाली र नेपाल-भारत सम्बन्धको विश्लेषण हो। यद्यपी गेजले नेपालको राष्ट्रिय एकताको समस्या र चुनौतीबारे विशद चर्चा गर्दै सुझावहरू दिएका छन्। गेजका अनुसार पृथ्वीनारायण शाहको राज्य विस्तार पश्चात् नेपाली शासक वर्गले तराईप्रति अपनाएको नीतिले तराई आन्तरिक उपनिवेशको अवस्थामा परिणत गर्‍यो।

पृथ्वीनारायण शाहको राज्य विस्तारदेखि उत्पन्न परिणामको विशद् चर्चा गरेका गेजले आफ्नो अध्ययनको समयका राजा वीरेन्द्रको हुर्काइ र नेपालको राष्ट्रिय एकतामा योगदानको सम्भावना इंगित गरेका छन्। गेज लेख्छन्, "तत्कालका लागि उनले (राजा वीरेन्द्रले) आफ्ना पिताका भर परेका परम्परागत कुलीन वर्गको सहयोग लिनुपरे पनि उनी राष्ट्रका अन्य समुदायसम्म पुग्नका लागि बढी मात्रामा तयार छन्। उनले यसो गर्न चाहेका खण्डमा उनी नेपाललाई पूर्ण राष्ट्रिय एकताको लक्ष्यतिर अघि बढाउन सक्षम हुनेछन्।"

गेजको यो पुस्तक प्रकाशनको ५० वर्षको यो अवधिमा पहाडबाट तराईमा बसाइसरी ज्यादै घनिभूत भएको छ जसले तराईको मानवीय भूगोलमा उल्लेखनीय परिवर्तन गरेको छ। गेजले पञ्चायतको कठोर राजतन्त्रकालमा अध्ययन गरे। त्यसपछि देशले संवैधानिक राजतन्त्र सहितको बहुदलीय व्यवस्थादेखि संघीय लोकतान्त्रिक गणतन्त्रसम्मको यात्रा गरेको छ। माओवादी सशस्त्र संघर्षले सतहमा ल्याइदिएको जातिय र क्षेत्रीय पहिचानको मुद्दा तीन वटा मधेस आन्दोलनले झनै उत्कर्षमा उठायो। यो लामो अवधिमा मधेसका कैयन् नेताहरू राज्यको मूलधारमा पुगे र देशले पहिलो राष्ट्रपति र उपराष्ट्रपति नै मधेसबाट प्राप्त गर्‍यो। निजामती कर्मचारी, न्यायक्षेत्रदेखि सैन्य क्षेत्रमा मधेसको उल्लेखनीय सहभागिता बढ्यो। एक मधेस एक प्रदेश नभए पनि मधेस प्रदेश अस्तित्वमा आयो। के नेपालको एकात्मकताको प्रश्न पूर्ण रूपले निरूपण भइसक्यो त ? गेजले अध्ययनमार्फत् प्रष्टाएका समस्याहरू पूर्णरूपमा समाधान भइसके त ? के मधेसको समस्या क्षेत्रीय पहिचान र पहाडी राष्ट्रवादसँगको संघर्षमात्र रहेछ वा अन्य केही पनि रहेछ ? मधेसको विशाल जमिन, जमिनदार किसानको संघर्ष र भूमि स्वामित्वको प्रश्न, हिन्दू वर्णव्यवस्थाले सिर्जना गरेको जातिगत विभेद र त्यसविरुद्ध संघर्ष आदि थुप्रै प्रश्नहरू अझै पनि बाकी छन्। तथापी, गेजको यो पुस्तक नेपाली समाज र राजनीतिको अध्ययनको लागि सँधै

समीक्षा

# 'दर्ज्यु संलाप' आत्मपरक प्रतिरोधी आवाज

शंकर भण्डारी

कुमारी लामाद्धारा लिखित 'दर्ज्यु संलाप' समकालिन नेपाली साहित्यको एउटा महत्त्वपूर्ण हस्तक्षेपको रूपमा उदाउन खोजेको कृति हो। शीर्षकमा प्रयुक्त 'दर्ज्यु' भन्ने शब्द तामाङ समुदायमा 'दाजु' वा 'मान्यजन' भन्ने अर्थमा प्रयोग हुन्छ। त्यस्तै 'संलाप' भन्नाले संवाद वा कुराकानी भन्ने जनाउँछ। तर यस पुस्तकको शीर्षक 'दर्ज्यु संलाप'ले प्रतिरोधको आत्मसंवाद वा उत्पीडित समुदायको प्रतिध्वनी लाई संकेत गर्दछ। लेखकले यस कृतिलाई 'प्रतिरोधी स्वर'को रूपमा प्रस्तुत गर्न खोजेका छन्।

'दर्ज्यु संलाप' आत्मपरक शैलीमा लेखिएको गैर-आख्यान हो। यसमा संग्रहित निबन्धहरूले भुँइमान्छेका कथा सुनाएको छ। किनारामा पारिएका जाति र समुदायको रहनसहन कला संस्कृतिलाई महत्त्वका साथ पस्केको छ। उत्पीडित समुदाय त्यसमा पनि तामाङहरूको जीवनको चर्चा छ। यो पुस्तक तीन भागमा विभाजित छ। पहिलो भाग 'समाज संवार्ता' हो। जसमा ७ वटा निबन्धहरू अटाएका छन्। भने दोस्रो र तेस्रो खण्ड 'सैलानी समय' र 'दृश्य अ (दृश्य)'मा पाँच-पाँच वटा निबन्धहरू समावेश छन्।

यो एउटा सशक्त र संवेदनशील निबन्ध संग्रह हो। यसले हाम्रो समाजमा अदृश्य तथा दबिएका आवाजहरूलाई उजागर गर्ने कोशिस गरेको छ। यो कृति नेपाली साहित्यमा एउटा उज्यालो सङ्केत हो। यसले पाठकलाई सोच्न र आफैसँग संवाद गर्न बाध्य पार्छ। यसका निबन्धहरूले महिला, सीमान्तकृततामाङ समुदायका मुद्दाहरू बोकेको छ। लेखकले यी समुदायका पीडा र प्रतिरोधलाई प्रस्तुत गर्ने जमर्को गरेका छन्। विशेषतः तामाङ समुदायको सांस्कृतिक स्व पहिचानको खोज र उनिहरूको संवेदना यस कृतिको आत्मा बनेको छ।

'दर्ज्यु संलाप' विचार चिन्तन र अनुभूतिको संग्रह हो। यसका निबन्धहरूले लेखकको भावनात्मक संलग्नता, आत्मीयता र संवेदना पोख्दछन्। लेखकको स्वतन्त्र चिन्तनको मार्ग रोज्ने साहस प्रशंसनीय छ। यी निबन्धहरू 'कथा भन्ने निबन्धहरू' हुन्। यसका निबन्धहरू भित्र कथा लुकेका छन्। यसका पात्रहरू सजिव छन् र घटनाहरू अनुभूत छन्। यसका निबन्धहरू दस्तावेजी नभई आत्मपरक र छोड्ने खालका छन्।यस संग्रहले सामाजिक चेतनाको प्रवाहीकरण गर्ने चेष्टा गरेको छ। यसले नसुनिएका आवाजहरूलाई मुखर गरेको छ। मौन संवादहरू गरेको छ।

यस कृतिको भाषा काव्यिक लाग्छ। यसमा काव्यको लाग्छ यसमा काव्यको सौन्दर्य र निबन्धको गाम्भिर्य दुवैको सामञ्जस्य पाइन्छ। 'दर्ज्यु संलाप'ले समाजसँग प्रतक्ष्य विमर्श गर्ने कोशिस गरेको पाइन्छ। यसले समाजका संरचनागत अन्याय पितृ सत्ताको जरो, जातीय विभेदजस्ता मुद्दा माथि प्रश्न गरेका छन्। यस कृतिले मूलतः भूँइमान्छेको पक्षमा वकालत गर्छ। यसमा शक्ति हुनेहरूको होइन, शक्ति नहुनेहरूको कथा छ। मुलधारको होइन, छायाँमा परिएकाहरूको जीवनव्यथा छ। ललेखकले परिधिमा पुर्‍याइएका मान्छेहरूको आवाजलाई उठाउने प्रयत्न गरेका छन्।

'दर्ज्यु संलाप' नयाँ क्षितिज पुग्ने उत्कण्ठ चाहनाले भरिएको कृति हो। यसले परिवर्तनको सम्भावना बोकेको छ। यस भित्रका निबन्धहरूले पाठकको संमवेदना मात्र होइन, चेतना पनि जगाउँछ। यसका निबन्धहरूले सामाजिक न्याय र मानवीयताको पक्षपोषण गर्छन्। यो कृति सौन्दर्य र विचारको संयोजन हो।

लेखकले आत्मपरक शैलीमा आफ्ना अनुभव र परिवेशलाई उजागरण गरेका छन्। उनका अनुभवहरू मुख्य रूपले तामाङ समुदायसँग गाँसिएका छन्। यो समुदायको आफ्नो भुगोल, भाषा, परम्परा, बहिष्करण र राज्यसँगको सम्बन्धलाई निबन्धमार्फत् अभिव्यक्त गर्ने कोशिस गरेका छन्। लेखकले यस पुस्तक मार्फत 'पहिचान'को बहस उठाउने कोशिस गरेको देखिन्छ तर उनको बहस कुनै जाति र समुदाय विशेषको सांस्कृतिक पक्ष जस्तै भेषभुषा, पर्व, गीत, नृत्य आदि भन्दा पर जान सकेको छैन। उनको 'सांस्कृतिक' संकुचनका कारण निबन्धले माग गरे जस्तो बहस उठ्न सकेको छैन। अरु धेरै तथाकथित 'पहिचानवादी' नेपाली लेखकहरू जस्तै कुमारी लामाले पनि यो पहिचानलाई 'कम्फर्ट जोन' कै रूपमा मात्र प्रयोग गरेको हो कि भन्ने अनुभव हुन्छ। पहिचानका मुद्दाहरूसँग गाँसिएका राजनीतिक,आर्थिक र ऐतिहासिक पाटोलाई निकै कम उजागर गरेको प्रतित हुन्छ। निबन्धहरू पढ्दै जाँदा पाठकका मनमा प्रश्न उठ्न सक्छ। के सांस्कृतिक स्वरूपको पुन रुत्थान मात्रले पहिचानको सवाललाई समेट्न सक्छ ? लेखकले कताकती इतिहासलाई कोट्याउन खोजेको देखिन्छ तर पहिचानका अन्य बहुआयामिक पक्षहरूबारे लेखकको बुझाई पुग्न नसकेको हो की जस्तो भान हुन्छ।

पुस्तकको पहिलो खण्ड 'समाज संवार्ता' भित्रका निबन्धहरूले पिछडिएका समुदाय भित्रको सामाजिक बनोट, लैङ्गिकता, जतियता र कमजोर आर्थिक अवस्थालाई दर्शाएका छन्। यस खण्डका निबन्धहरू बढि आत्मदर्शनात्मक छन्। लेखकले आफ्नो अनुभव र बुझाइको जगमा भुँइ मान्छेहरूका क्रन्दन र सुषुप्त विद्रोहलाई संकेत गरेका छन्। यस खण्डका कतिपय निबन्धहरूमा भने विचारको अस्पष्टता छ। विषयवस्तुहरू दोहोरिएका छन्। अप्रासंगिक उदाहरण र तथ्यहरू छन। वाक्य गठनमा भयंकर समस्या छ।

'सैलानी समय' संग्रहको दोस्रो खण्ड हो। यसमा लेखकले समयको प्रवाहमा आफु बाँचेको समुदायको अस्तित्व कसरी बदलिएको छ अवलोकन गरेको महसुस हुन्छ। यो खण्ड स्मृति र अनुभुतिको सेतु हो। यसमा लेखक पुरै स्मृतिदंशको शिकार भएको अनुभुति हुन्छ। इतिहास, पुराना दिनहरू, पुराना रितिरिवाजहरू प्रतिको लेखकको मोह स्पष्ट देखिन्छ। यस्तो लाग्छ , यो जबर्रजस्त नोस्टाल्जिया भित्र लेखकको समसामयिक चेत ओझेलमा परेको छ। इतिहास स्मंरण महत्त्वपूर्ण हुदाँहुदै त्यसलाई आजको समयसँग जोड्न नसक्दा केहि निबन्धहरू भावनाको कोरा प्रदर्शन मात्र बनेका छन।

संग्रहको तेस्रो खण्ड 'दृश्य अ (दृश्य)' सबैभन्दा सशक्त खण्ड हो भन्न सकिन्छ। यहाँ लेखकले दृश्यता र अदृश्यताको द्वन्द्वलाई पक्रन खोजे जस्तो देखिन्छ। यस खण्डमा संग्रहित निबन्धहरूले जातीय पहिचान, भाषिक बहिस्करण, राज्यको दृष्टिकोण सँगसँगै 'नदेखिए झै' गरिएका जीवनका अनुभवहरू प्रस्तुत गरेका छन। संग्रहमा यो खण्ड अपेक्षाकृत दार्शनिक छ यसमा भनिएका वा देखाइएका तस्विरहरू भन्दा अव्यक्त संवेदना र राज्यले गरेको संरचनात्मक विभेदका मानस चित्रहरू बढि छोइने छन्। तर अझ गहिरो विश्लेषण र स्पष्ट दृष्टिकोणको अभावले यो खण्ड पनि अपुरो जस्तो लाग्छ।

लेखकले आफ्नै अनुभव र पीडाको भाष्यमार्फत यो पुस्तकलाई यर्थाथको नजिक पुर्‍याउने कोशिस गरेका छन। उनले आफ्नो व्यक्तिगत अनुभवबाट सामुहिक आवाज निर्माण गर्ने प्रयत्न गरेका छन। अझै पनि नेपाली साहित्यमा अल्पसंख्यकहरूको दृष्टिकोणबाट ती समुदायका कथा बोल्ने पुस्तकहरूको संख्या निकै कम छ। यो पुस्तक त्यहिं अभाव पूर्ति गर्ने प्रयास हो जस्तो लाग्छ। कतिपय निबन्धहरूमा कवितामय भाषाको प्रयोग गरिएको छ। विम्ब र प्रतिकहरूको प्रयोगले यस खण्डका केहि निबन्धहरूको भाषिक प्रस्तुती गज्जबको मान्न सकिन्छ।

पहिचान शक्ति सम्बन्धमा आधारिक राजनीतिक विमर्श हो। यसको बहुआयामिक पाटो हुन्छ। तर पुस्तकमा यस मुद्दाको बारेको बौद्धिक बुझाई सतही देखिन्छ। लेखक स्वयं तामाङ समुदायलाई प्रतिनिधित्व गर्ने भएता पनि उनी यस समुदायमा गहिरो गरि भिज्न नसकेको अनुभव हुन्छ। जसका कारणले लेखकले प्रस्तुत गर्न खोजेको विचार माथि विश्वसनीयताको सीमितता आभाष महसुस हुन्छ। पुस्तकमा भएका धेरै निबन्धहरूमा प्रयुक्त वाक्यहरूको गठन त्रुटिपूर्ण छ। विचारहरू दोहोरिएका छन। पुस्तक पढिसिध्याउँदा दरिलो सम्पादनको कमी महसुस हुन्छ। केहि निबन्धहरू अत्यन्त अस्पष्ट र अनावश्यक गन्थनले भरिएका छन्। पहिचानको बहसलाई केवल साँस्कृतिक पक्षमा सीमित एवम् मनोवैज्ञानिक पक्षको राम्रो अध्ययन गर्न चुकेका धेरै आफुलाई पहिचानवादी दावी गर्ने लेखकहरूको साझा समस्या लेखक कुमारी लामामा पनि स्पष्ट अनुभव गर्न सकिन्छ।

'दर्ज्यु संलाप' नेपाली साहित्यमा आत्मपरक र पहिचान केन्द्रित निबन्धहरूको संग्रहको रूपमा सत प्रयास हो। कुमारी लामाले 'आवाज विहिन' बनाइएका समुदायको अनुभुति र कथालाई साहित्यको मुलधारमा ल्याउने प्रयास गरेकी छन्। तर यो कोशिस पूर्ण सफल छ भन्ने दावी मुर्खता हुनसक्छ। पहिचानको जटिलता बुझ्न आवश्यक सामाजिक र बौद्धिक गहिराइको अभाव, अनुभवको एकांगी प्रस्तुति र भाषिक कमजोरीले पुस्तकको प्रभाव क्षीण बनाएको छ। तथापी लेखकले यस पुस्तक मार्फत् नेपाली साहित्यमा नयाँ स्वर उराल्ने कोशिस गरेको कुरा स्वीकारयोग्य छ। लामाको यो कृति भुँईमान्छेहरूको जीवन, भाषा र संस्कृति सहित एउटा सशक्त हस्तक्षेपको शुभारम्भ हो। 'दर्ज्यु संलाप' एकैसाथ शक्ति र कमजोरीको संगम हो। यो संग्रह न त पूर्णरूपमा राजनीतिक निबन्ध हो न त केवल कोरा अनुभव। बरु यो थोरै राजनितिक र समाज, धेरै व्यक्तिगत अनुभुति र बुझाईको दस्तावेजीकरण हो। संग्रहका निबन्धहरूमा आत्मसंवाद छ, स्मृति छ, असन्तोष छ र धेरै ठाउँमा लेखक स्वयंको ज्ञानको अपुर्णता छ। जे होस् लेखकले आरम्भ गरेका यी संवादहरू अझ बृहत्रूपमा विस्तारित गर्न सकिएमा यसले नेपाली साहित्यमा पहिचान र प्रतिरोधको गहिरो बहस जन्माउन सक्छ। लेखकलाई आफ्नो अध्ययनको गहिराई, भाषिक स्पष्टता र आफ्नो समुदायसँगको प्रगाढ सम्पर्कमा अझ धेरै काम गर्न सुझाव दिनु अन्यथा हुँदैन। 'दर्ज्यु संलाप' प्रतिरोधी स्वरका रूपमा निःसन्देह स्वागत योग्य कृति हो। यसले नेपाली साहित्यमा नयाँ बहसको निम्ति ढोका ढक्ढकाएको छ।

कथा

# स्मृतिदंश

सनत रेग्मी

छोरी आभालाई साहित्यमा गहिरो अभिरुचि छ । हुन त ऊ साइन्सकी विद्यार्थी हो, तर साइन्स जस्तो नीरस जटिल विषय अध्ययन गर्ने छोरीमा साहित्यप्रति किन अभिरुचि जागृत भयो । घरपरिवारको वातावरण र परिवेश दुवै साहित्यिक प्रकृतिका छैनन् । उनको बाबु दीनबन्धु अर्याललाई नवधनाढ्य र आधुनिक सभ्यताका पृष्ठपोषक देखाउनुमा गर्व लाग्छ र यसका लागि उनले निकै मिहिनेत पनि गरे । प्रारम्भमा टी.सी.एन्.को जागिरबाट आफ्नो लक्ष्यपूर्तिमा लागेका दीनबन्धु दिनरात पैसा कमाउने धुनमा रहन्थे । काठ र काठका किसिम, माप, मोलभाउको अतिरिक्त उनलाई अरु कुराको ज्ञानै थिएन । काठको काम गर्दागर्दै उनले टी.सी.एन्.को जागिर छोडेर आफ्नै काठको व्यापार गर्न थाले । काठका व्यापारबाट काठ-तस्कर र काठतस्करीबाट वैदेशिक व्यापार, अनि अन्तर्राष्ट्रिय तस्करी । उनले छोटै समयमा प्रशस्त कमाइ गरेका छन् र नेपालको नामी नवधनाढ्य व्यक्तिहरूमा गनिन्छन् । पुस्तक र अक्षरहरू त उनले जागिर खानुभन्दा पहिले जब उनी विद्यार्थी थिए, त्यसै बेला मात्र चिनेका थिए । त्यसपछि उनले चिनको वस्तु हो पैसा र पैसाबाट जोरेको सान-सौकत ।

बाबुको प्रभाव त उसलाई परेको छैन, तर यो साहित्य-अभिरुचिको प्रभाव उसमा कसरी पर्न गयो । मलाई साहित्यप्रति कुनै अभिरुचि छैन । मनोरञ्जनका लागि घरमा टिभी, डेक, भिडियो गेमहरू छन्, त्यसले नै समय बिताउँछु । स्कुलमा पढ्दा जे पढें पढें, त्यसपछि त केही पढ्नैपरेको छैन । बिहेपछि छोराछोरी पढाउनु, पारिवारिक सुख-सुविधा जुटाउनु र श्रीमान्‌लाई आवश्यक काममा सघाउनुबाहेक मलाई अरु केही गर्ने समय नै मिलेन र साहित्यपट्टि अभिरुचि पनि थिएन । घरमा सिनेमाका मनोरञ्जक पत्रपत्रिकाबाहेक, घर सिँगार्नेबारेमा, फूल-बिरुवा सजाउनेजस्ता अङ्ग्रेजीका पत्रपत्रिकाहरू मात्र आउँथे, कुनै साहित्यिक पत्रपत्रिका आउँदैनथे । छोरो सुभाष इन्जिनियररिङ र छोरी आभा डाक्टरी पढिरहेका छन् । छोरी आभालाई भने साहित्यप्रति विशेष अभिरुचि छ ।

आभालाई घरमा साहित्यिक वातावरण छैन । उनलाई कहिले कुनै साहित्यिक चर्चा गर्नुपरे ऊ मसँग कुरा गर्छे । उसको सन्तोषका लागि म उसको कुरा सुनिदिन्छु । केही जानेपनि नजानेपनि उसको होमा हो मिलाइदिन्छु । त्यसबाहेक म ऊसँग के चर्चा गरौं ? कहिलेकाहीं झर्को लाग्छ, अनि भनिदिने गर्छु– "आभा, तिमी डाक्टर भएपछि के गर्छ्यौ, कहिले समय पाउँछ्यौ साहित्य अध्ययन-लेखन गर्ने ?" आज पनि ऊ साहित्यिक चर्चा गर्न तम्सिएको छे । ऊ भन्छे– "आमा, अब आउने सोमबार यहाँ एउटा बृहत साहित्य गोष्ठी हुँदैछ, यहाँ अधिराज्यभरिका साहित्यकारहरू आउँदैछन् । मैले उनीहरूलाई घरमा डाक्ने र एक छाक खाने व्यवस्था गर्ने विचार गरेकी छु ।"

"आभा, तँलाई यो साहित्यिक अनुराग कसरी जाग्यो नानी ? यो घरमा साहित्य एउटा कण पनि छैन, फेरि तँ त विज्ञानकी छात्रा, डाक्टरी पढिरहेकी छेस् । विज्ञान र साहित्य परस्पर विरोधी विषय कसरी दुवैमा तेरो अभिरुचि बढेको ?"

"आमा, साँच्चै भनौं भने मलाई साहित्यमा डोऱ्याउने, त्यसमा अभिरुचि जगाउने त तपाईं नै हो ।"

"के भन्छेस् तँ नानी! म, मैले कुनै साहित्य पढ्या छैन । मलाई त्यसप्रति कुनै अभिरुचि छैन । अनि मैले कसरी तँलाई त्यतातिर डोऱ्याएँ ?"

"आमा, जब मैले आइ.एस्सी. पास गरेकी थिएँ त्यसै बेला तपाईंले आफ्नो दराज सफा गर्न मलाई अराउनुभएको थियो । दराजका पुराना लुगाहरू नोकरचाकरलाई बाँडिदिनु र नयाँ ल्याएका लुगाहरू मिलाइदिनु भन्नुभएको थियो । मैले त्यही लुगाहरू मिलाउँदा तपाईंको दराजमा दुईवटा पुस्तक पाएकी थिएँ, कुनै 'योग कौशिक' लेखेका । ती पुस्तकहरू कुनै 'विद्या शर्मा'लाई समर्पित गरिएका थिए । मैले ती दुवै पुस्तक पढें, अनि मलाई पुस्तक पढ्ने रुचि बढ्दै गयो । साहित्यमा चाख लाग्दै गयो । ती पुस्तकका कथाहरू सारै रोचक थिए । मैले कहिल्यै पनि ती पुस्तक तपाईंले पढेको थाहा पाइनँ ।"

आभाको जवाफ सुनेर म अवाक् भएँ । योग कौशिकका ती पुस्तकहरू मसँग छन् भन्ने कुरा पनि मैले बिर्सिसकेको थिएँ । ती पुस्तकहरू मेरो साहित्यिक अभिरुचिका विषय थिएनन्, त्यो अर्कै संवेदना थियो, जुन संवेदनाले मलाई साहित्यमा अभिरुचि जगाउन सक्थ्यो, तर मेरा संस्कारहरू साहित्यिक थिएनन् । मेरो अर्कै मर्म थियो र म त्यसै मर्मले मर्माहत थिएँ । त्यस पुस्तकमा के लेखिएको छ त्यो मेरो सरोकारको विषय थिएनन् । मेरो सरोकारको विषय थियो विद्यालाई समर्पित गरेको 'योग कौशिक'को हस्ताक्षर । मैले ती पुस्तक पढेकै थिइनँ । पढेकी थिएँ मात्र हस्ताक्षर 'योग कौशिक'को हस्ताक्षर । ती पुस्तक योग कौशिकको सम्मोहनमा सम्माहित थिए । योग कौशिक एउटा नाम…मेरो चाहनाको…मेरो अतृप्तिको…मेरो पहिलो माया…मेरो तत्कालीन यौनसंवेदनाको । यो नाम यस २९ वर्षको अन्तरालमा धेरै पटक मेरो मानसपटलमा झल्कने गरेको छ । धेरै पटक झल्याकझुलुक झल्किने बिलाउने गरेको छ र एउटा अव्यक्त पीडा र मीठो दुखाइ दिएर जाने गरेको छ । अहिले आभाले यो नाम लिनासाथ एक पटक मुटु चसक्क, चस्क्यो, एउटा विकल पीडाले मनलाई घोच्न थाल्यो । सायद पीडाको छाया अनुहारमा प्रतिबिम्बित भएछ कि क्या हो ? आभाले सोधिहाली– "आमा के भयो ?"

"केही होइन छोरी, अलि सन्चो नभएजस्तो छ । जीउ गलेको छ । प्रेसर बढेकाले हो कि ?" छोरीलाई ढाँट्न त खोजेँ, तर ढाँट्न सफल भएझैँ लागेन । आभा केही अविश्वा, केही आशंका, केही अनुमान, केही शंकामिश्रित आँखाले मतिर हेरिरहेकी थिई ।

"आमा, ती पुस्तकहरू योग कौशिकका प्रारम्भिक रचनाहरू थिएँ । त्यसमा केही भावुकता, केही रोमान्स थियो । नवयुवतीहरूलाई मन पर्ने भावुकता र रोमान्सेली कथाहरूले मलाई सारै प्रभावित पाऱ्यो र मलाई अरु त्यस्तै पुस्कहरू पढ्न मन लाग्यो । विस्तारै साहित्यप्रतिको अभिरुचि बढ्दै गयो । अहिले त म आफै लेख्छु । योग कोशिकका रचनाहरू पनि सारै उत्कृष्ट हुँदै गएका छन् । सायद आफ्ना ती प्रारम्भिक रचनाहरू पढ्दा उनलाई आजभोलि आफै आश्चर्य लाग्ला । जे होस्, मलाई साहित्यिक अभिरुचि बढाउने त योग कौशिक नै हुन् । उनका कथाहरू पढेर नै मैले साहित्यको क्षेत्रमा खुट्टा चालेकी हुँ ।"

"योग कोशि कुनै बेला हाम्रो स्कुलमा पढ्थे । उनले यो पुस्तक मेरो मित्र विद्यालाई दिएका थिएँ । मैले मागेर ल्याएकी थिएँ । स्कुल-बेलाको सम्झना विद्याको स्मृति भनेर राखेकी ।" पुस्तक आफूसँग राख्नुको औचित्य प्रमाणित गर्न मैले आभालाई स्पष्टीकरण दिएँ । मलाई लाग्यो मेरो स्पष्टीकरणसँग ऊ सन्तुष्ट छैन र ऊ आफैसँग सोधिरहेकी छ– आमाले विद्याको स्मृतिमा हो कि, योग कौशिकको स्मृतिमा पुस्तक समालेर राख्नुभएको हो ? मलाई किन हो आभाको सामु आफू अनावृत भएझैं लाग्छ । मलाई लाग्छ, आभा मेरो गोपन र मर्मलाई बुझ्न थालेकी छ, त्यसैले म उससँग आँखा जुधाउन सक्तिनँ । म टाउको निहुराउँछु र भन्छु– "मलाई सन्चो नहोला जस्तो भइरहेको छ । किनकिन मन आत्तिएजस्तो भएको छ । म एक छिन आराम गर्छु छोरी ।" म बैठककोठाको सोफाबाट उठेर बिस्तारै सुत्ने कोठातिर लाग्छु । आभा आश्यर्चमिश्रित दृष्टि मतिर फालेर सोफामा बस्छे ।

म ओछ्यानमा पल्टेर आफ्नो अतीतमा हराउँछु । आजभन्दा २९ वर्षपहिले जब मैले भर्खर १६ वर्ष काटेर १७ वर्षको उमेरमा टेकेकी थिएँ । ममा यौवनका लक्षणहरू पुष्ट हुँदै थिए र अनुहारमा तारुण्यको आकर्षणको आभास टल्किन थालेको थियो । मलाई पनि पुरुषहरूप्रति आकर्षण बढ्न लागेको थियो । राम्रो खाइलाग्दो र हृष्टपुष्ट युवकलाई देखेपछि उसको शरीर-सौष्ठवको आकर्षणमा आकर्षित हुन थालेकी थिएँ । केटाहरूसँग हिमचिम गर्न र लहसिन मन लाग्छ थालेको थियो । उसो त म त्यति आकर्षक थिइनँ । अनुहारमा बैंसको आकर्षण भएपनि हिसी परेको अनुहार थिएन मेरो । शरीरले दुब्ली-पातल थिएँ । अनुहार तामा वर्णको थियो । लाम्चो अनुहार, कपाल लामो थियो । स्कुलमा पढ्ने केटीहरू मभन्दा राम्रा नै थिए । तीमध्ये विद्या त झन् चौपट्ट राम्री थिई । विद्यासँग मेरो निकै घनिष्ठता थियो । म त्यति बेला नौ कक्षामा पढ्दै थिएँ ।

स्कुलमा केटाहरू मप्रति आकर्षित हुँदैनथे । सबै अरु अरु केटीहरूलाई मन पराउँथे, तर मसँग कोही झ्याम्मिन चाहन्नथ्यो । मलाई त्यस बखत स्कुलका सबै केटीहरूसँग इर्ष्या हुन्थ्यो र म राम्री देखिन धेरै सिँगारपटारतिर ध्यान दिन्थैं । स्कुलका धेरैजसो केटाहरू विद्यालाई मन पराउँथे र विद्यालसँग घनिष्ठता बढाउन चाहन्थे । विद्या भने केटाहरूसँग हिमचिम गर्न सङ्कोच मान्थी र कसैसँग बोल्दैनथी । म त्यस बखत धेरै केटाहरूलाई मन पराउँथे र घनिष्ठ हुन चाहन्थैं, तर मध्यमवर्गीय मानसिकताले गर्दा म कसैसँग नजिकिन आँट गर्न सक्तिनथें । ममा त्यस बखत बैंसको यौनाकाङ्क्षा थियो होला । कुनै पनि युवक मेरा निम्ति विशेष आकर्षणको व्यक्ति थिएन, जो पनि मलाई आकर्षक नै लाग्थ्यो ।

मेरो बाबा भन्सारमा खरदार हुनुहुन्थ्यो । उहाँलाई छोरीको बिहे गर्ने चिन्ता थियो । उहाँले मेरो बिहेका लागि केटो खोजिरहनुभएको थियो । त्यहाँ विवाहयोग्य कुमारहरूको चर्चा चल्दा मेरो बाबाले योग कौशिकको चर्चा गर्नुहुन्थ्यो । बाबाले मलाई योग कोशिकलाई दिन पाए हुन्थ्यो भनेको सुनेपछि बल्ल म योग कौशिकतर्फ विशेष आकर्षित भएँ । यो कौशिक मेरै स्कुलमा पढ्दै थिए ।

योग कौशिक एउटा प्रतिभाशाली छात्र थिए । वादविवाद, निबन्ध आदि प्रतियोगितामा सधैं प्रथम हुन्थे । स्कुलको नाटक र सांस्कृतिक कार्यक्रमहरूमा उनको सहभागिता रहन्थ्यो । जीउडालमा चाहिँ उनी त्यति आकर्षक थिएनन् । २०-२१ वर्षको उमेर, दुब्लो-पातलो जीउ सामान्य कदकाठीका गौर वर्णका नवयुवक थिए, तर उनी मलाई सारै आकर्षक लाग्दथे । मलाई उनको कुरा सुनिरहूँ जस्तो लाग्थ्यो । उनको अनुहार हेरिरहुँ जस्तो लाग्थ्यो । उनी क्लासबाट बाहिर निस्केर पानी खान कलधारातिर लाग्नासाथ म पनि क्लासबाट निस्किहाल्थें र कलधारामा उनीसँग देखादेख गर्न, आँखा जुधाउन पुग्थें, तर उनी मेरो वास्ता गर्दैनथे । सायद उनी मप्रति आकर्षित थिएनन् ।

बाबाले उनलाई मलाई दिन पाए हुन्थ्यो भनेको सुनेपछि किन हो कुन्नि उनी मलाई सारै आफन्त लाग्न थालेका थिए र म उनीसँग नजिकिन सारै हतारिएकी थिएँ । मैले उनलाई आफ्नो हुनेवाला लोग्नेका रुपमा कल्पना गर्न लागेकी थिएँ । त्यस समय मेरा सारा चेष्टा उनलाई आकर्षित गर्नमा लागेका हुन्थे । म सधैं नौलानौला लुगा, नौलोनौलो फेसन गनेर स्कुल जान्थें र कुनैनकुनै बहानाले उनीसँग घुम्न गएको, उनको मायामा लट्ठिएर उनको आँखामा आँखा जुधाउने र उनको काखमा टाउको राखेर उनलाई एकोहोरो हेरिरहेको देख्ने गर्दथैं ।

एक दिन म आफ्नो परिवारका साथ सिनेमा हेर्न गएकी थिएँ । उनी पनि आफ्ना मित्रहरूसँग सिनेमा हेर्न आएका थिए । सिनेमाहलभित्र पस्दा उनलाई एउटा कुनामा बसेको देखेर म सोझै त्यतैतिर लागें र उनको छेउमै बस्न पुगें । आमा र बाबाले यो कुरालाई लक्ष्य गर्नुभएर र उहाँहरू केही बोल्नुभएन । मैले सिनेमा शुरु हुनुभन्दा पूर्व उनीसँग सिनेमा, त्यसका नायक-नायिकाका बारेमा कुरा गरें । मध्यान्तरमा र त्यसपछि त्यसको कथा र चरित्रहरूबारे कुरा गरें र घुमाई-फिराईकन आफूले उनलाई मन पराएको कुरा पनि गरें । आमाले ती कुरा सुनिरहनुभएको थियो र मेरो उत्ताउलोपनामा रिसाइरहनुभएको पनि थियो । म त्यस दिन सारै प्रसन्न थिएँ । उनको छेउमै बस्न पाएको, सिनेमा प्रारम्भ भएपछि चलमलाउने बहानामा उनको अङ्ग स्पर्श गर्न पाएको र त्यस स्पर्शको मादक काउकुतीले जीउ सिरिंग भएको प्रसन्नताले म सारै प्रसन्न थिएँ ।

त्यस दिन घरमा आमाले मेरो उत्ताउलोपनाको गुनासो बाबासँग पोख्दा बाबाले भन्नुभयो– "छोरीले पनि त्यही केटालाई मन पराएजस्तो छ । जोडा पनि खुब मिलेको छ । दुई जना नारिए कुरा गर्दा मलाई पनि जोडा सुहाएको झैं लाग्यो । त्यहीं कुरा चलाउनुपऱ्यो कि क्या ।"

त्यस दिन मलाई निद्रा नै परेन । म रातभरि उनीसँग बिहे भएको, बिहेपछि एकअर्कासँग छिल्लिएर मस्किएको र उनको शरीर र आफ्नो शरीर एकाकार गरेर अँठ्याइएको कल्पनामा मस्त भएँ । कल्पनामा पनि पुरुष-शरीरको गन्ध र स्वादको विकलताले मलाई धेरै दिनसम्म सतारह्यो र म उनलाई दृढआलिंगनमा अँठ्याउन छटपाइरहें ।

एकदिन विद्याले मलाई भनी– "विभा, तिमीलाई थाहा छ, योगले मलाई सारै मन पराउँदो रहेछ । ऊ मलाई सधैं पछ्याउँछ । मेरो घरसम्म छोड्न आउँछ । मेरो दाजुसँग मित्रता गरेर मेरो घरसम्म आउन थालेको छ ।"

विद्याको कुरा सुनेर एकछिन म स्तब्ध भएँ । अनि मलाई लाग्यो विद्या ऊतिर आकर्षित हुन लागेकी छ । मलाई यो भान हुनासाथ ईर्ष्याको भुङ्ग्रोमा भुटभुटिएर म एक्कासि चिच्याउन पुगेछु– "के भनेको विद्या तिमीले ? योगतिस त मेरो बिहेको कुरो चल्दै छ ।" त्यसै दिनदेखि विद्या र मेरो बीचमा अव्यक्त प्रतिस्पर्धा चल्न थाल्यो । म मनमनै ऊसँग ईर्ष्या र डाह गर्न थालें र म अलि सशक्त रुपमा विद्याको अगाडि आफ्नो मनोभाव व्यक्त गर्न थालें । स्कुलमा अतिरिक्त क्रियाकलाप, वादविवाद, भाषण आदिमा हामी केटीहरू भाग लिंदैनथ्यौं र घर जाने गर्दथ्यौं । त्यसपछि म त्यस्ता कार्यक्रममा भाग लिन थालें र योग कौशिकलाई उनको विजयमा बधाई दिने र उनको प्रशंसा गर्न थालें ।

योग कौशिक सारै लजालु केटा थिए । केटीहरूसँग धेरै नलहसिने, उनीहरूसँग नबोल्ने र बोल्नै परेपनि सारै शालीन भएर उनीहरूसँग आँखा जुधाएर बोल्ने प्रयत्न गर्थे, तर असफल हुन्थे । म मानसिक रुपबाट योग कौशिकको श्रीमती बन्ने तयारीमा लागिसकेकी थिएँ । यत्तिकैमा बाबाको सरुवा भयो र हाम्रो बिहेको कुरो टुङ्गो नलाग्दै हामी वीरगन्ज जानुपर्ने भयो ।

योग कौशिकका साथ मेरो मानसिक सम्बन्ध कति घनिष्ठ भइसकेको थियो भने त्यसपछि कुनै युवकप्रति म आकर्षित हुन सकिनँ र योग कोशिकलाई बिर्सन पनि सकिन ।

वीरगन्जमा बस्दा मैले थाहा पाएँ योग कौशिक विद्याप्रति आकर्षित छन् । उनले विद्यालाई नायिका बनाएर कथा लेखेका छन् । उनले छापेको पहिलो प्रति पुस्तक विद्यालाई समर्पण गरे । यी सब कुरा थाहा पाउँदा मेरो चित्त काटियो, म सारै व्यथित भएँ । मेरो बिहेको कुरो पनि हरायो । मैले वीरगन्जबाटै एस.एल.सी. उत्तीर्ण गरें । त्यहीं क्याम्पसमा भर्ना भएँ र पढ्न थालें । विद्याको बाबुको पनि वीरगन्जमा नै सरुवा भएछ र ऊ पनि त्यहीं कलेजमा भर्ना भई । विद्याबाट मैले थाहा पाएँ, योग कौशिक जेल परेका छन् । उनी अहिले आफ्नो नगरको चर्चित व्यक्तित्व हुँदै छन् ।

**क्रमश…**

**डिंगरनगर…**

थप छानबिनको विषय उठ्न थालेपछि अध्यक्ष तिवारी र सचिव रामबहादुर थापा छानबिनका लागि सहयोग गर्नुको सट्टा बैठक छल्दै काठमाडौं गएपछि थप बद्मासीको आशंका भएर करिब चार सय सदस्यले वचत फिर्ताको निवेदन दिएका थिए ।

२०५० सालमा स्थापना भएको सहकारीमा करिब २ हजार सदस्य रहेको पीडित वचतकर्ता माधव पन्थीले बताए । सहकारीले मुख्यरुपमा दुध संकलन र विक्रीको कारोबार गरिरहेको छ ।

इलाका प्रहरी कार्यालय बुटवलका प्रमुख डीएसपी इन्द्रबहादुर रानाले प्रदेश सहकारी रजिष्ट्रारको कार्यालयले छानवीन शुरु गरेको बताए ।

लुम्बिनी प्रदेश सहकारी दर्ता अधिकारीको कार्यालयका दर्ता अधिकारी मधुकृष्ण पौडेलका अनुसार गिंरनगर दूरगामी सहित प्रदेशका २५ वटा सहकारी संस्थाका बचतकर्ताले बचत फिर्ताको पहल गरिदिन मागसहित निवेदन दिएका छन् ।

प्रदेश सहकारी दर्ता अधिकारीको कार्यालय दाङमा बचत फिर्ताको पहल गरिदिन माग गर्दै उजुरी दर्ता गरेका मध्ये डिंगरनगर दूरगामी सहित १५ बहुउद्देश्यीय, ९ बचत तथा ऋण र एउटा जडीबुटी सहकारी छन् ।

ती सबै सहकारी संस्थामा कम्तीमा ७हजार बचतकर्ताको करोडौं रकम अपचलन भएको अनुमान गर्न सकिने सहकारी क्षेत्रका जानकारहरु बताउँछन् ।

लुम्बिनी प्रदेशका करिब ४ हजार सहकारीमध्ये धेरैजसो स्थानीय तहमा दर्ता भएका छन् । प्रदेशमा दर्ता १३० र साविकका जिल्ला सहकारी डिभिजन कार्यालयबाट हस्तान्तरण भएका गरी अहिले ८४८ सहकारी हेर्ने क्षेत्र अधिकार प्रदेश सहकारी दर्ता कार्यालय लुम्बिनीलाई छ ।

तीनै तहका सरकारको सहकारी ऐन अनुसार हरेक आर्थिक वर्ष सकिएको तीन महिनाभित्र आफ्नो कार्यक्षेत्रभित्रका सहकारी संस्थाहरुको प्रगति प्रतिवेदन ऐनले तोके अनुसारका निकाय र अधिकारी समक्ष पेश गनुपर्ने व्यवस्था छ ।

तर तीनवटै सरकारले ऐनको यो व्यवस्था कार्यान्वयन गरेका छैनन् ।

प्रदेश सरकार स्थापनापछि जन्मेका अधिकांश सहकारीमा कानूनी रिक्तताले बद्मासी र बेथिति मौलाएको प्रदेश सहकारी दर्ता अधिकारीको कार्यालयका प्रमुख मधुकृष्ण पौडेलले स्वीकार गरे । ऐन कार्यान्वयन गर्न सोही अनुसारको संगठन संरचना र कर्मचारी व्यवस्थापन हुन नसकेको उनको गुनासो छ ।

लुम्बिनी प्रदेशका १२ वटा जिल्लाका ८ सय ४८ सहकारीको नियमन र अनुगमन गर्न जम्मा ४ जना कर्मचारी छन् । दरबन्दी १३ जनाको भए पनि चार जना मात्र कर्मचारी र साधनस्रोत अभावमा अपेक्षाकृत अनुगमन गर्नै नसकिएको पौडेलले स्वीकारे ।

बहुउद्देश्यीय सहकारीले कूल कारोबारको ३० प्रतिशत मात्र बचत तथा ऋणको काम गर्नुपर्ने र ७० प्रतिशत उत्पादनमूलक काम गर्नुपर्ने ऐनको व्यवस्था पालना नगरी बचत तथा ऋणको कारोबार गर्दा समेत नियमन गरेर रोक्न नसक्दा अधिकांश बहुउद्देश्यीय सहकारीमा बेथिति बढेको सहकारी अभियान्ता दामोदर पंगेनी बताउंछन् । ऐन बनेपनि सो अनुसारका कानून निर्माण र कार्यान्वयनमा तीनै तहका सरकारको बेवास्ताले नियमित र प्रभावकारी अनुगमन नहुँदा विशेषगरी वहुउद्देश्यीय सहकारीहरुमासमस्या निम्तिएको उनको भनाई छ ।

**स्याङ्जाका…**

परीक्षामा विद्यार्थीको लगनशिलता, शिक्षण सिकाईमा शिक्षकको मेहनत र अभिभावकको सहयोगी भुमिका रहेमा यो बर्षको भन्दा आउदो बर्ष एसइईको नतिजा अझै राम्रो हुने विश्वास आचार्यको छ ।

स्याङ्जाबाट अर्जुनचौपारी चिल्ड्रेन एकेडेमी अर्जुनचौपारी, पाइनिअज हायर एजुकेशन एकेडेमी वालिङ, नेपाल आदर्श अ.आ.मा.वि. वालिङ र भगवती नमूना मा.वि मिर्मिका एक/एक जना गरी ४जना विद्यार्थीले ४ जिपिए ल्याउन सफल भएका छन् ।

४ जिपिए ल्याउने जिल्लाका ४ वटा विद्यालयहरु मध्ये ३ वटा संस्थागत विद्यालय हुन भने एउटा मात्र सामुदायिक विद्यालय रहेको छ ।

प्रत्येक विषयमा सैद्धान्तिक तर्फ न्यूनतम ३५ प्रतिशत अंक नल्याए विद्यार्थी नन-ग्रेडिङ हुने व्यवस्था अनुसार एसईईको नतिजा सार्वजनिक भएको हो । इकाईका अनुसार स्याङ्जामा नियमित तर्फ जीपीए ३.६ देखि ४ ल्याउनेको संख्या ३ सय २१ रहेको छ । त्यसैगरी ३.२ देखि ३.६ जीपीए ल्याउने ७ सय २८ जना, २.८ देखि ३.२ जीपीए ल्याउने ९ सय ४७ जना, २.४ देखि २.८ जीपीए ल्याउने ४ सय ८६ जना, २ देखि २.४ जीपीए ल्याउने ३३ जना गरी जम्मा २ हजार ५ सय १५ विद्यार्थी ग्रेडेड भएका छन् भने नन ग्रेडेड- १ हजार २ सय ४ जना छन् । गतवर्ष स्याङ्जाबाट एसईईमा कुल ३ हजार ७ सय १९ परीक्षार्थी सहभागी थिए ।

पालिकागत रुपमा नतिजा विश्लेषण गर्दा सबैभन्दा उत्कृष्ट वालिङ नगरपालिका र कमजोर हरिनास र विरुवा गाउँपालिका देखिएको छ ।

वालिङको उत्तीर्ण ८० प्रतिशत, भीरकोटको ७४ प्रतिशत, चापाकोटको ७२ प्रतिशत, फेदीखोलाको ७० प्रतिशत, अजुनचौपारीको ६६ प्रतिशत, पुतलीबजारको ६४ प्रतिशत, गल्याङको ६३ प्रतिशत, आँधीखोला र कालीगण्डकीको ५९ प्रतिशत तथा हरिनास र विरुवाको ४८ प्रतिशत रहेको छ ।

संस्थागततर्फ उत्तीर्ण प्रतिशत८७ प्रतिशत र सामुदायिकतर्फ ६१ प्रतिशत रहेको कार्यालयले जनाएको छ । जिल्लामा ८ वटा सामुदायिक र ६ वटा संस्थागत गरी १४ वटा विद्यालयको नतिजा शतप्रतिशत रहेको छ ।

अहिलेको नतिजा कायम राख्न स्थानीय सरकारहरु चनाखो भइरहनुपर्ने आचार्यको भनाई छ । स्थानीय सरकारहरुले राम्रो नतिजा ल्याउने शिक्षकलाई प्रोत्साहन गर्ने, शिक्षकको साहयता र पेशागत विकासका लागि सहयोगी भुमिका र बाह्रय तालिम भन्दा पनि कक्षा कोठा केन्द्रित् तालिमलाई ध्यान दिनुपर्ने सुझाव आचार्यको छ ।

शिक्षा इकाईले पनि स्थानीयतह र शिक्षकहरुलाई पटक–पटक गुणस्तरीय शिक्षणका लागि सुझाव दिदै आएको उनले बताए । हामीले दिएको सुझावलाई अहिले केही कार्यन्वयन भएको हो की भन्ने देखिएको बताउदै शिक्षा समन्वय

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

प्रथम पटक प्रकाशित मिति २०८२।०३।१६

यस कम्पनीको मिति २०८२।०२।२८ मा सम्पन्न बार्षिक सभा / बिशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी क्रिमसन फार्मेसी (Crimson Pharmacy) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नुपर्ने कर, दायित्व आदि परिवर्तित नाम क्रिमसन सर्जिकेम प्रा.लि. (Crimson Surgichem Pvt.Ltd) ले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८२।०३।०९ को निर्णय अनुसार कम्पनीको नाम क्रिमसन सर्जिकेम प्रा.लि. ( Crimson Surgichem Pvt.Ltd) कायम गरिएको ब्यहोरा जानकारी गराइन्छ ।

**क्रिमसन सर्जिकेम प्रा. लि.**

तिलोत्तमा ५, मणिग्राम रुपन्देही फोन नं. ०७१-५६२७४

**श्री आदर्श माध्यमिक विद्यालय**

**रामग्राम- ५, परासी, नवलपरासी (ब.सु.प.)**

**लुम्बिनी प्रदेश, नेपाल**

**शिक्षक आवश्यकता सम्बन्धी सूचना**

प्रकाशित मिति २०८२/०३/२०

उपर्युक्त विषयमा यस श्री आदर्श माध्यमिक विद्यालय रामग्राम ५,परासी नवलपरासीमा मिति २०८२/०३/१७ गतेको विद्यालय व्यवस्थापन समितिको निर्णयअनुसार नमुना विकास कार्यक्रम अन्तर्गत सुशासनको बजेटबाट व्यवस्थापन हुने गरी तपसिलमा उल्लिखित पदहरुमा खुला विज्ञापन गरिएको हुँदा तपसिल अनुसारको सर्तभित्र रही नेपाली नागरिकबाट रीतपूर्वकको दरखास्त आह्वान गरिन्छ ।

तपसिल

| क्र.सं. | विज्ञापन नम्बर | तह | विषय | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०७-२०८१/०८२ | माध्यमिक | नेपाली | १ | |
| २ | ०८-२०८१/०८२ | आधारभूत | नेपाली | १ | |

१. पद संख्या : २
२. किसिम : नमुना विकास अन्तर्गत करार
३. विषय : नेपाली
४. शैक्षिक योग्यता : माध्यमिक तहका लागि नेपाली मूल विषय लिई स्नातक तह उत्तीर्ण भएको र आधारभूत तहका लागि नेपाली मूल विषय लिई कक्षा १२ वा सो सरह उत्तीर्ण भएको

**५. आवेदनका साथ पेस गर्नुपर्ने कागजातहरु :**

- शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपिहरु
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
- स्थायी अध्यापन अनुमतिपत्रको प्रतिलिपि
- हालसालै खिचिएको पासपोर्ट साइजको फोटो २ प्रति

६. परीक्षाको किसिम : लिखित, अन्तरवार्ता र आवश्यक परेमा प्रयोगात्मकसमेत
७. परीक्षाको विषयवस्तु : शिक्षक सेवा आयोगको पाठ्यक्रमअनुसार
८. उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
९. तलब स्केल : विद्यालय व्यवस्थापन समितिको निर्णयअनुसार ।
१०. परीक्षा दस्तुर : माध्यमिक तहका लागि रु. १,५००।- (एक हजार पाँच सय ) मात्र र आधारभूत तहका लागि रु. १०००।-(एक हजार) मात्र राष्ट्रिय वाणिज्य बैंक परासीको चल्ती खाता नं. ३१००१००००१४८७००१ मा रकम जम्मा गरेको बैंक भौचरको सक्कल प्रति ।
११. दरखास्त पेस गर्ने अन्तिम मिति : २०८२/०४/०२ गते विद्यालय समयभित्र ।
१२. दरखास्त दिने स्थान : श्री आदर्श माध्यमिक विद्यालय, रामग्राम-५, परासी
१३. सम्पर्क मिति : २०८२/०४/०४ गते विद्यालय समयभित्र ।
१४. परीक्षाको मिति : सम्पर्क मितिमा तोकिने छ ।
१५. सम्पर्क नम्बर : ९८५७०३४७७५ / ९८४७२९८०९०

नोटः माथिल्लो योग्यता भएका र अनुभवीलाई विशेष प्राथमिकता दिइनेछ ।

**प्रधानाध्यापक**

**ऋषिराम ढकाल**

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?

हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।

क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी

**विशाल सेनेटरी**

बर्मेलीटोल, भैरहवा

मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

**सीताराम सफा सेनेटरी**

भैरहवा

९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः

**तिनाउ सेनेटरी**

बुटवल-१०, सुख्खानगर, रूपन्देही,

फोनः ९८५७०५८८१३,९८०७१८०८१३



लटरम्म फलेको ड्रागन

दाङको घोराही उपमहानगरपालिका-१८ स्थित अखबरेमा व्यावसायिक रूपमा सञ्चालन गरिएको ड्रागन फ्रुट फार्ममा लटरम्म फलेको, पाकेको र फल्ने तयारीमा फुलेका ड्रागन फ्रुट। ड्रागन फ्रुट जेठदेखि फल्न सुरु गर्ने र असोजसम्म फलिरहने किसान बताउँछन्। तस्विरः: कुलदीप न्यौपाने/रासस

# सञ्चालनमा आयो पाल्ही आयुर्वेदालय

नवलपरासी । पाल्हीनन्दनका स्थानीयले चन्दा सङ्कलन गरी पाल्ही आयुर्वेद औषधालय स्थापना गरेका छन्। बर्दघाट सुस्तापश्चिम नवलपरासी पाल्हीनन्दन गाउँपालिका-४ मा रु ४० लाख लागतमा स्थानीयको सहयोगमा आयुर्वेद औषधालय सञ्चालनमा ल्याइएको हो।

करिब दुई कट्ठा जग्गा पाल्ही आयुर्वेदालयका नाममा पास भएपछि बिहीबारदेखि पाल्ही आयुर्वेदालय सञ्चालनमा आएको हो। पाल्हीनन्दन गाउँपालिका उपाध्यक्ष फातुमा खातुन अन्सारीले पाल्हीमा आयोजित कार्यक्रममा आयुर्वेदालयलाई थप व्यवस्थित बनाउन गाउँपालिकाले सहयोग गर्ने बताइन्।

पाल्हीमा आयुर्वेद औषधालय भवन निर्माणका लागि ४७ जना स्थानीयले रु तीन लाख ११ हजार ५९३ सहयोग गरेका छन् भने एक जानले एक कट्ठा जग्गा दान गरेको पाल्हीनन्दन गाउँपालिकाका आयुर्वेद शाखा प्रमुख रामएकवाल रायले बताए।

उनका अनुसार पाल्ही आयुर्वेद औषधालयमा ओपीडी, पञ्चकर्मको, पूर्वकर्म, स्नेहन, स्वयदन, ज्येष्ठ नागरिकको स्वास्थ्य प्रवर्धनका लागि रासायन औषधि तथा जडीबुटी वितरण गरिनेछ।

पाल्हीनन्दन गाउँपालिकाका अध्यक्ष बैजुप्रसाद गुप्ताले निरन्तर सेवाग्राहीलाई सेवा दिनेगरी सञ्चालनमा ल्याइन आयुर्वेदालयलाई आगामी दिनमा गाउँपालिकाले निरन्तर सहयोग गर्ने जनाए।

# खानेपानी योजनाले ल्यायो गाउँमा खुसियाली

पाल्पा । एक गाग्री पिउने पानीका लागि घण्टौँ समय बिताएका माथिल्लो मनभागा गाउँका स्थानीयलाई अब भने खानेपानीको पीरलो छैन। घरमै धारा जडान गरेर पानी आएपछि स्थानीयको मुहार फेरिएको छ।

रामपुर नगरपालिका-१० स्थित माथिल्लो मनभागा गाउँ नगरकै विकट भेगमा पर्छ। वर्षौंदेखि यहाँका स्थानीयले खानेपानीका लागि कष्ट भोग्दै आएका थिए। अहिले रामपुर नगर सरकारको सहयोगमा योजनामार्फत घरघरमा पानी आएको देख्दा स्थानीय खुसीले उत्साहित बनेका छन्।

यहाँका स्थानीयलाई खानेपानी मात्र नभई घरायसी प्रयोजनका लागि पानीको उत्तिकै दुःख थियो। गाउँ नजिकका खोला, खोल्सा, मूल, कुवामा पुगेर एक गाग्री पानीका लागि घण्टौँ समय खर्चनु पर्दथ्यो। रामपुर नगरपालिकाको सहयोगमा लिफ्टिङमार्फत खानेपानी योजना निर्माण भएपछि घरघरमा पानीको सुविधा पुगेको छ।

नगरपालिकाले खानेपानी योजना निर्माणका लागि विभिन्न आर्थिक वर्षमा गरेर रु १७ लाख ५० हजार रकम र स्थानीय उपभोक्ताको रु चार लाख २१ हजार ६०० सहयोगमा खानेपानी योजना सम्पन्न भई सञ्चालनमा आएको माथिल्लो मनभागा खानेपानी योजनाका सचिव थानबहादुर गाहाले जानकारी दिए।

नगरपालिकाले आर्थिक वर्ष २०७४/७५ मा रु आठ लाख, २०७५/७६ मा रु पाँच लाख, २०७८/७९ मा रु एक लाख ५० हजार र ७९/८० मा रु तीन लाख गरी कुल रु १७ लाख ५० हजार बजेट विनियोजन गरेको हो। सो योजना निर्माणका लागि स्थानीय उपभोक्ताले श्रमदानसमेत गरेका छन्।

समितिका अध्यक्ष दिलबहादुर सिञ्जालीले २२ हजार लिटर क्षमताको पानी ट्याङ्की निर्माण गरी लिफ्टिङमार्फत् योजना सम्पन्न गरी घरघरमा पानी वितरण भइरहेको बताए। मनभागामा टोकलोक डिबाट लिफ्टिङमार्फत् यहाँका १८ घरपरिवारलाई शुद्ध पिउने पानी वितरण गरेको अध्यक्ष सिञ्जाली बताउँछन्।

खानेपानी योजनाले स्थानीयको दैनिकीमा ठूलो परिवर्तन ल्याइदिएको स्थानीय अमिता थापाले बताइन्। "पानी खोज्नका लागि सबेरै उठेर गाउँतिरका कुवा, खोल्सी, मूल भएतिर धाउनुपर्थ्यो, पानी खोज्नमै समय धेरै बिताउनुपर्थ्यो, घरको कामकाज गर्न धेरै अप्ठ्यारो स्थिति बेहोर्नुपऱ्यो, योजनामार्फत् घरघरमा धारा जडान गरेर पानी आउँदा हर्षित छौँ, पानी बोक्नमा बित्ने समय अब अन्य कामकाजमा लगाउन पाइने भयो।"- उनले खुसी हुँदै भनिन्।

घरको धारामा चौबिसैँ घण्टा पानी आइरहँदा स्थानीयको वर्षौंदेखिको सपना पूरा भएको छ। नगरकै विकट र दुर्गममा रहेको हुँदा कष्टका साथ गाउँमा खानेपानी योजना सम्पन्न गरेर पानी वितरण गर्न सफल भएको वडाध्यक्ष तोयानाथ सारु थापाले बताए।

गाउँका स्थानीयले भोगेको खानेपानी समस्याले कतिबेला योजना सम्पन्न गरेर घरघरमा पानी खुवाउने भन्नेमा ध्यान केन्द्रित रहने गरेको र अहिले आएर सपना पूरा भएको नगरप्रमुख रमणबहादुर थापाले जनाए। खानेपानी योजनाका लागि नगरप्रमुख थापाको जोडबलमा कामलाई धमाधम अगाडि बढाएर अहिले घरघरमा पानी पुऱ्याइएको हो।

"विक्रम संवत् २०७४ को स्थानीय तहको निर्वाचनको प्रचार-प्रसारका लागि गाउँमा जाने क्रममा खानेपानीको अभाव दयनीय देखैं, निर्वाचन जिते पनि हारे पनि खानेपानी ल्याउँछु भनेर प्रतिबद्धता जनाएको थिएँ," नगरप्रमुख थापाले भने-"निर्वाचन सकिएपश्चात् योजनाको काम सुरु भयो, योजना सम्पन्न गरेर पानी खुवाउन पाउँदा खुसी लागेको छ।"

नगरवासीको आवश्यकता पूरा गर्नका लागि तीनै तहका सरकार र सरोकारवालाबीच समन्वय तथा सहकार्य गरेर अगाडि बढ्न आवश्यक रहेको उनी बताउँछन्। जनताको आवश्यकतालाई पूरा गर्ने दायित्व जनप्रतिनिधिको भएको भन्दै आवश्यकताका आधारमा काम गर्दै आएको नगरप्रमुख थापाको भनाइ छ।

नगरप्रमुख थापाको रामपुर नगरपालिकामा दोस्रो कार्यकालको नेतृत्व हो। गाउँमा पहिला बस्ती ठूलो रहे पनि पछिल्लो समय बसाइँसराइले गर्दा बस्ती पातलो हुँदै गएको छ। पहिलो समय यहाँ ३६ घरपरिवारको बसोबास रहेको थियो।

# स्थानीय र आगन्तुक चराको गन्तव्य 'कान्ति ताल'

बाँके । कान्ति ताल कुनै समय स्थानीयका सिँचाइको स्रोत थियो। नेपालगञ्जको सहरबीचमा रहेको मानवनिर्मित यो सुन्दर ताल अहिले स्थानीय चराका लागि बासस्थान तथा प्रजननको थलो र विदेशी चराका लागि गन्तव्य बनेको छ। कमललगायतका फूलले भरिएको कान्ति ताल विभिन्न चराका लागि आहार र विहारका लागि लामो समयदेखिको आश्रयस्थल हो।

जानकारहरू जैविक विविधताका दृष्टिले महत्त्वपूर्ण कान्ति ताल चरा अध्ययनका लागि पनि प्रसिद्ध भएको बताउँछन्। विज्ञहरू यो काललाई 'बर्ड पार्क' र 'बर्च वाचिङ'का रूपमा विकास गर्न सकिने बताउँछन्। तर यही तालमा केही समयअघि मोटरबोट चलाउने प्रयास भएपछि स्थानीय, अधिकारकर्मीलगायतको विरोध पनि भयो। विरोधपछि डुङ्गा चलाउने योजना अलपत्र पर्यो। अहिले तालको एक छेउमा एउटा काठको डुङ्गा अलपत्र छ। न डुङ्गा चढ्न आउनेहरू छन् नत चलाउने मानिस नै देखिन्छन्।

जैविक विविधता र पारिस्थितिक प्रणालीलाई सन्तुलनमा राख्दै पर्यावरण जोगाउनमा कान्ति तालको भूमिका महत्त्वपूर्ण भएको जानकार बताउँछन्। विशेषगरी सारसका लागि यो क्षेत्र महत्त्वपूर्ण छ। सारसको बासस्थान बाँकेस्थित राप्ती नदीको तटीय क्षेत्र, कान्ति ताल र मानखोल हो। त्यसमध्ये पनि कान्ति ताल सबैभन्दा राम्रो बासस्थान भएको विज्ञको भनाइ छ।

नेपालगञ्ज उपमहानगरको वडा नं. २२ र २३ मा २५ बिघामा फैलिएको कान्ति ताल परम्परागत चराका लागि मात्रै नभई विभिन्न देशबाट बर्सेनि आउने विदेशी चराको पनि महत्त्वपूर्ण बासमा पर्छ। तालमा वर्षभरि नै दुर्लभ चराचुरुङ्गी बसोबास गर्नुका साथै जाडो तथा गर्मी छल्न विभिन्न देशबाट बर्सेनि चराहरू आउने गरेका छन्।

फ्रेन्डस् फर वाइल्ड वाइल्ड लाइफ कन्जरभेसनका अध्यक्ष आशिष चौधरीका अनुसार नेपालगञ्ज आसपासमा यहाँजस्तो सिमसार अन्य ठाउँमा छैन। "यहाँ प्रकृतिप्रेमीका लागि मात्र नभई जनावर र चराका लागि पनि उपयुक्त वातावरण छ, लामो समयदेखि यसलाई जोगाउन सकेकै कारण विभिन्न देशबाट यहाँ बर्सेनि चरा आइरहेका छन्।"-उनले भने।

दुर्लभ चराको बासस्थान रहेको कान्ति ताल क्षेत्रमा पर्यटकीय गतिविधि बढाउनका लागि मोटरबोट सञ्चालनको प्रक्रिया सुरु भएपछि संरक्षणविद्ले चासो व्यक्त गर्दै उपमहानगरमै उक्त कार्य रोक्नका लागि निवेदन दिएका थिए। उनीहरूले तालमा मोटरबोट सञ्चालन गर्नुको साटो चरापार्क निर्माण गरी आम्दानी गर्न सकिने सुझाव पनि दिएपछि अहिले त्यसतर्फ चासो बढाइएको उनको भनाइ छ।

मोटरबोट सञ्चालन भएमा पर्यावरणमा क्षति पुग्नुका साथै चराचुरुङ्गी यहाँबाट लोप हुने भएकाले उनीहरूको संरक्षणका लागि भए पनि मोटरबोट सञ्चालन गर्न नहुने उनीहरूको सुझाव छ। "तालमा मोटरबोट सञ्चालनका लागि लामो प्रयास भयो, तर बोट चढ्ने मानिस पनि भएनन्, त्यसपछि प्रयास भएको छैन, यो काललाई अहिले प्राकृतिक रूपमै संरक्षण गर्नुपर्ने आवाज उठिरहेको छ।"-चौधरीले भने। चौधरी तालमा काठको डुङ्गा चलाउन समस्या नभए पनि मोटरबोट चलाउँदा त्यहाँको पारिस्थितक प्रणालीमा नै असर पुग्ने बताउँछन्।

"पोखराको फेवातालमा पनि मोटरबोट चलाइएको छैन, काठको डुङ्गा नै चलाइएको छ भने नेपालगञ्जको सानो तालमा मोटरबोट नै चलाउन जरुरी छैन, मोटरबोट चलाउँदा जीवाश्मा इन्धनका कारण जीव र पन्छीमा समस्या हुन्छ।"-उनले थपे।

चौधरीका अनुसार पछिल्लो समय सिमसारलगायतका क्षेत्र अतिक्रमणमा पर्दा धेरै प्रजातिका चराहरू सङ्कटमा पर्दै गएका छन्। उनले भने-"नेपाल सरकारले संरक्षित सूचीमा राखेका नौ वटामध्ये छवटा तराईमा पाइन्छन्, जसमध्ये बर्दियामा दुईवटा र बाँकेमा पाँचवटा प्रजातिका चरा भेटिन्छन्, कान्ति ताल पनि मासिने हो भने ती प्रजातिका चराको अस्तित्व नै सङ्कटमा पर्ने खतरा छ।"

पन्छी संरक्षण समाज र नेपाल चराविज्ञ सङ्घले केही समयअघि गरेको डेढ घण्टा अवलोकनका क्रममा कान्ति तालमा ३२ प्रकारका परम्परागत चरा र केही आगन्तुक चरा भेटिएका थिए। नेपालगञ्ज उपमहानगरपालिकाका प्रमुख प्रशान्त विस्टले काललाई सिमसार क्षेत्रका रूपमा लिइएको बताउँछन्। "धेरैले यसलााई सिमसार भन्छन्, सिमसारजस्तो नदेखिए पनि स्थानीय र विदेशबाट आउने चराका लागि यो महत्त्वपूर्ण बासस्थान हो।"-उनले भने।

प्रमुख विष्टका अनुसार कान्ति तालमा लामो समयदेखि माछापालन हुने गरेको थियो। आफूले सानैदेखि माछापालन गरेको देखेको उल्लेख गर्दै उनले भने-"लामो समयदेखि कान्ति तालमा माछापालन हुने गरेको थियो, यसलाई पर्यटकीय गन्तव्य बनाउन अघिल्लो सरकारले काम गरेको हो, यद्यपि यो प्रक्रिया अहिले अगाडि बढेको छैन।"

कान्ति तालमा जाडोमा यहाँ एक सय ५३ र गर्मीयाममा ६२ प्रजातिका चरा देख्न पाइन्छ। तालमा अफ्रिकाबाट जुरे कोइलीदेखि इन्डोनेसिया, उत्तरी चीन, थाइल्याण्ड, साइबेरिया, मलेसियालगायतका देशबाट पनि चरा आउने गरेका छन्। सरकारले संरक्षित सूचीमा सारसका तीन प्रजाति पनि यही तालमा पाइने उनले बताए।

तालको जैविक विविधता जोगाएर भावी पुस्ता लागि चरालाई जोगाएर राख्नु स्थानीय तहको जिम्मेवारी भएको उनको भनाइ छ। प्राकृतिक सिमसार भएको जैविक विविधता जोगाएर राख्नुपर्नेमा मास्ने काम हुन लागेपछि आफूलाई चिन्ता लागको संरक्षणकर्मी चौधरीको भनाइ छ। उनले मोटरबोटको विकल्पमा बायोडाइभर्सिटी पार्क, बोटानिकल गार्डेन वा चरा पार्कका रूपमा काललाई विकास गरी टिकटमार्फत आम्दानी गर्ने बाटोसमेत भएको बताउँछन्।

"तालको संरक्षण चराका लागि मात्र होइन, हाम्रै लागि र भावी पुस्ताका लागि पनि आवश्यक छ", उनले भने-"नेपालगञ्ज मानसरोवर जाने भारतीय यात्रुका लागि ट्राञ्जिट प्वाइन्ट पनि हो, उनीहरूलाई लक्षित गरी काललाई यही रूपमा पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न सकिन्छ, यसतर्फ ध्यान नदिई मोटरबोट मात्र विकल्प देख्न हुँदैन।"

कान्ति तालमा हरेक वर्ष चराको गणना हुन्छ। दुई वर्षअघि २५ प्रजातिका चरा रहेकामा गत वर्षको गणनामा २२ प्रजातिका चरा भेटिएका थिए। यस वर्ष भने चराको संख्या ३२ पुगेको छ। यस वर्ष राप्ती नदीको कुसुमबाट अगैया क्षेत्र र विभिन्न ताल एवं नदीमा जलचर चराको गणना तथा सर्वेक्षण गर्दा ३२ प्रजातिका थप चरा भेटिएको र यो गत वर्षको तुलनामा बढी भएको थियो।

तालमा सारस, फिसिङ क्याट, मलाहलगायतका चराको बासस्थान छ। यहाँ गर्मीयाममा युरोप, मध्यपूर्वी एसिया र इन्डोनेसियाबाट चरा आउँछन् भने जोडोमा साइबेरिया, उत्तरी चीनबाट चरा आउँछन्। आगन्तुक चराले पनि तालमै बच्चा जन्माउँछन्। स्थानीयहरू ताल संरक्षणका लागि दिगो विकासको अवधारणमा काम गर्नुपर्ने बताउँछन्। यस काललाई चरा अवलोकनको केन्द्र तथा जैविक विविधता सिकाइ केन्द्रका रूपमा काललाई विकास गर्न सकिने जानकारहरू बताउँछन्।

# नौ वर्षमा टुङ्गियो गाउँपालिकाको केन्द्र

गलकोट । विसं २०७३ मा स्थापना भएको काठेखोला गाउँपालिकाले स्थापनाको नौ वर्षपछि सर्वसम्मत रूपमै गाउँपालिकाको केन्द्र टुयिएको छ। काठेखोला गाउँपालिकाका सबै राजनीतिक दलको सहमतिपश्चात् बसेको १७औँ गाउँसभाको तेस्रो बैठकले सर्वसम्मत रूपमा पालिकाको भवन बनाउने स्थानको टुङ्गो लगाएको हो।

बागलुङका १० पालिकामध्ये नौ पालिका आफ्नै भवनमा रहँदा बागलुङको काठेखोला गाउँपालिकाको केन्द्र विवादले गर्दा प्रशासकीय भवन निर्माण हुनसकेको थिएन। भवनका निर्माणका लागि स्थान छनोटमा सहमति नजुट्दा अहिलेसम्म गाउँपालिका भाडाकै घरमा सञ्चालनमा हुँदै आएको छ। काठेखोला गाउँपालिका-२ अक्षते र वडा नं. ६ को सुल्डाँडा स्थानीय जग्गा उपलब्ध गराउन राजी भए पनि निर्वाचित जनप्रतिनिधिको मत बाँझिदा समस्या भएको थियो।

यही असार १० गते १७औँ गाउँसभाको दोस्रो बैठकमा पालिकाको केन्द्र टुङ्ग्याएर भवन बनाउने विषयमा मतदानसमेत भएको थियो। मतदानका क्रममा समेत अक्षते र सुलल्डाँडा कुनै पनि ठाउँका लागि दुईतिहाइ मत प्राप्त हुन सकेन।

अक्षतेमा प्रशासकीय भवन निर्माण गर्न १५ जना र सुल्डाँडामा बनाउनुपर्छ भन्ने पक्षमा २५ मत परेको थियो। ४३ जना कार्यपालिका रहेको काठेखोलामा दुई जना अनुपस्थित थिए। बहुमत नपुगेपछि असार १८ गते सर्वदलीय बैठक बसेर पालिकाको प्रशासनिक केन्द्र अछेते र सुल्डाँडालाई मान्ने र पालिकाको भवन काठेखोला गाउँपालिका-६ स्थित आमपाटामा निर्माण गर्ने सहमतिपश्चात बिहीबार बसेको १७औँ गाउँसभामा सर्वसम्मत रूपमा पास भएको गाउँपालिकाका अध्यक्ष राजु थापाले जानकारी दिए।

"स्थापनाको नौ वर्षमा गाउँपालिकाको भवन निर्माण गर्ने स्थानको टुङ्गो लागेको छ, आमपाटामा स्थानीयले छ रोपनी जग्गा निःशुल्क प्रदान गरेका छन्, आगमी वर्ष पालिकाको भवन निर्माण गर्न थालिन्छ", अध्यक्ष थापाले भने- "राजनीतिक दलको एकताका कारण निर्वाचनपछि समेत नटुङ्गिएको भवन निर्माणस्थल सर्वसम्मतिमा टुङ्गो लागेको हो, पालिकाले अहिले मासिक रु ६० हजार तिरेर सुल्डाँडाबाट सेवा दिँदै आएको छ।"

गाउँपालिकाले सुल्डाँडाका आधा दर्जन घर भाडामा लिएर कार्यालय सञ्चालन गर्दै आएको

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com




सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com